Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- ३९ २०८२ साल जेठ १३ गते मंगलबार (JUN 27, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# एमाले र सीपीसीसँगको सम्बन्धलाई नवीनता दिन ल्युसँगको भेटवार्ता महत्त्वपूर्ण : थापा



काठमाडौं- नेकपा एमालेका स्थायी कमिटी सदस्य कर्ण थापाले चिनियाँ कम्युनिस्ट पार्टीका अन्तर्राष्ट्रिय विभाग प्रमुख ल्यु च्यानशाओसँग पूर्वराष्ट्रपति विद्या भण्डारीको भेटवार्ता महत्त्वपूर्ण भएको बताएका छन् ।

पूर्वराष्ट्रपति भण्डारीको भ्रमण दलमा रहेका नेता थापाले चीन र चिनियाँ कम्युनिस्ट पार्टीबीचको सम्बन्धलाई नवीनता दिने दृष्टिकोणले यो भेट महत्त्वपूर्ण रहेको उल्लेख गरेका छन् ।

उक्त भेटको तस्वीर सार्वजनिक गर्दै उनले लेखेका छन्, 'छलफल नेपाल चीन सम्बन्ध तथा नेकपा एमाले र चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी)बीचको लामो सम्बन्धलाई नवीनता दिने दृष्टिकोणले निकै महत्त्वपूर्ण रह्यो ।'

४२ देशका राजनीतिज्ञ, कूटनीतिक क्षेत्रका विज्ञहरूबीच भएको संवाद एशियाली देशको एकता र विकासका लागि महत्त्वपूर्ण रहेको उनले बताएका छन् ।

ल्युले भण्डारीसहित पाहुनाको स्वागतमा बोल्दै चीनले ती पार्टीहरूसँग राखेको दुई पक्षीय सम्बन्धबारे चर्चा गरे ।

उनले चीन आफ्ना मित्रहरूसँग सदैव उदार रहेको भन्दै कम्युनिस्ट पार्टीले त्यही नीति अनुशरण गरेको बताए ।

# ग्याँसको सिलिण्डर पड्केर आगलागीमा दाजु बहिनीको मृत्यु



कृष्णनगर- कपिलवस्तुको शुद्धोधन गाउँपालिका-५ जयनगरमा खाना पकाउने ग्यास सिलिन्डर लिक हुँदा आगलागीमा परेर एकै परिवारका दाजु-बहिनीको मृत्यु भएको छ ।

आइतबार राति घरमा खाना पकाउने क्रममा ग्यास सिलिन्डरको रेगुलेटर खोल्ने बित्तिकै आगलागी हुँदा २५ वर्षीय शिवकुमार यादव र उनकी १८ वर्षीया बहिनी सोनम यादव गम्भीर घाइते भएका थिए ।

उपचारका लागि अस्पताल लैजाने क्रममा दुवै जनाको ज्यान गएको कपिलवस्तु जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक निरञ्जनदत्तका अनुसार रेगुलेटर खोल्ने बित्तिकै ग्यास लिक भएर एक्कासी आगो लागेको प्रारम्भिक अनुसन्धानका क्रममा खुलेको उनले बताए । प्रहरीले घट्नास्थलमा पुगेर अनुसन्धान गरिरहेको छ ।

मृतक सोनम राष्ट्रिय मावि मुरफुटवामा कक्षा १० मा अध्ययनरत रहेको प्रधानाध्यापक लालचन्द्र पाण्डेले जानकारी दिए ।

नेपालका ग्याँको प्रयोग बढ्दो छ । तर यसको उपयोगिता अर्थात प्रयोग गर्न नजान्दा वा ग्यासको गुणस्तरमा व्यवसायीहरुले ध्यान नदिदा नेपालमा यस्ता घटनाहरु घटिरहेका छन् ।

सम्बन्धित निकायले यस्ता घटना घट्न नदिन व्यवसायीहरुलाई गुणस्तरहिन सिलिण्डर अर्थात म्याद गुज्रीएका सिलिण्डर प्रयोग नगर्न कडाईका साथ निर्देशन दिने र त्यस्तो गरेको पाएमा कडा कारवाही गने अर्को उपभोक्ताले पनि ग्यास प्रयोग गने तरिकाहरु राम्रोसँग सिकेर मात्र प्रयोग गर्ने गरेर प्रत्येक वर्ष ग्यासको सिलिण्डरवाट हुने आगलागी भई हुने धनजनको क्षति कम गर्न सबै पक्ष लाग्नुपर्ने देखिन्छ ।

# जे माग्यो त्यही सूचना दिनुपर्छ भन्ने छैन : गृहमन्त्री लेखक




काठमाडौं- गृहमन्त्री रमेश लेखकले जे सूचना माग्यो त्यही सूचना दिनुपर्ने भन्ने नभएको बताएका छन् ।

सूचनाको हक पारदर्शिताका लागि आवश्यक रहेको बताउँदै उनले जे माग्यो त्यही सूचना भने दिन बाध्य नहुने बताएका हुन् । 'सूचनाको हक दिने हाम्रो कर्तव्य हो ।

सूचना प्राप्त गर्ने नागरिकको कर्तव्य हो । सूचनाको हक भन्ने बित्तिकै जे सूचना माग्यो त्यही दिनुपर्छ भन्ने छैन', उनले भने, 'कतिपय सूचनाहरू गोपनीयतासँग जोडिएका हुन्छन् । ती सूचना दिन जरुरी हुँदैन, शान्ति सुरक्षा र मुलुकको प्रतिरक्षासँग जोडिए सूचना हुन्छन् ।'

मन्त्री लेखकले वैदेशिक सम्बन्ध र कूटनीतिक सम्बन्धहरूसँग जोडिएका लगायतका विषयहरु पनि पारदर्शिताका नाममा, सुशासनका नाममा दिने हो भने मुलुकलाई थितिमा बसाउन नसकिने बताए ।

उनले अघि थपे, 'सूचना नलुकाइकन दिन पनि आग्रह गर्दछु । गोपनीयतासँग जोडिएका सूचनाहरू दिन जरुरी हुँदैन । सूचना लुकाउनुपर्ने भए गोपनीयताको यस कारण दिन सकिएन भन्ने कुरा स्पष्ट लेखेर दिनू ।'

मंगलबार राष्ट्रिय सूचना आयोगले काठमाडौंमा आयोजना गरेको मन्त्रालयस्तरीय सूचना अधिकारीहरूसँग अन्तक्रिया कार्यक्रममा बोल्दै गृहमन्त्री लेखकले संविधानको व्यवस्थालाई सन्तुलित, विस्तारित र समग्रतामा बुझ्न जरुरी रहेको पनि बताए ।

# शव लिएर काठमाडौं आउँदै गरेको एम्बुलेन्स रामेछापमा दुर्घटना




काठमाडौं- शव लिएर काठमाडौं आउँदै गरेको एम्बुलेन्स रामेछापको खाँडादेवी गाउँपालिका-३ चारघरेस्थित सित्खा गोगनपानीमा दुर्घटना भएको छ ।

काठमाडौंतर्फ जाँदै गरेको प्र-३-०१-००२ झ ५८०३ नम्बरको एम्बुलेन्स दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय रामेछापले बताएको छ । सडकबाट अन्दाजी एक सय मिटर तल खसेर दुर्घटना भएको उनले बताए ।

शव बोकेको उक्त एम्बुलेन्समा चार जना सवार रहेकोमा तीन जना घाइते भएको भट्टले बताए । घाइते हुनेहरूमा एम्बुलेन्स चालक रामेछापकै २४ वर्षीय सुरेश मगर, रामेछापकै ४१ वर्षीय नारायणबहादुर नेपाली र रामेछापकै ५३ वर्षीय दिलबहादुर दमाई छन् ।

उनीहरूलाई उद्धार गरी प्र-३-०१-०२३ च नम्बरको एम्बुलेन्समा उपचारका लागि धुलिखेल पठाइएको छ ।




»

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३९, २०८२ साल जेठ १३ गते मंगलबार (JUN 27, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### बाढीको जोखिम हुनुभन्दा अगाडी नै सर्तकता अपनाऔ ।

नेपालमा जेठ, असार, साउन भदौ महिनाहरुमा बढी बाढी, पैरोको जोखिम हुने गर्दछ । २०८१ सालमा असोज महिनामा समेत यसको असर देखिएको थियो । असोज १२ र १३ गते परेको अविरल वर्षका कारण धेरै ठाउँहरुमा विशेष गरेर मूख्य राजमार्गहरुमा बाढी, पैरोले राजमार्गहरु नै अवरुद्ध भएका थिए भने धन जनको क्षति त कल्पनाभन्दा बाहिर थियो ।

यस वर्ष बाढीको प्रकोपले मानिसहरुको धन जनको क्षति नहोस र राजमार्गहरु अवरुद्ध नहुन भन्नका लागि समयमा नै सर्तका गराउने काम सम्बन्धित निकायहरुले गर्नुपर्छ भने मूख्य राजमार्गहरु विगतमा बाढीले ध्वस्त बनाएका क्षेत्रमा कतिपय ठाउँमा पुन निर्माण भईसकेका क्षेत्रमा अझै सम्भावित पैरो जाने क्षेत्रमा सपोर्ट वालहरु लगाउने होकी के के गर्दा राजमार्ग बलियो बनाउन सकिन्छ भनेर प्राविधिक खटाएर काम गर्नुपर्ने देखिन्छ ।

यता धुलिखेल खुरकोट बिपी हाइवेमा भने भत्किएको २२ किलोमिटर राजमार्ग ढुङगा र गिटी हालेर पहिलाकै अवस्थतामा उठाएको देखिन्छ । तर सपोर्ट वाल तलवाट उठाएको देखिदैन । त्यसकारण आउदो वर्षामा रोशी खोलाले पुन: उठाएको कच्ची काललाई कटान गरेर राजमार्ग अवरुद्ध हुनसक्ने सम्भाना बढी देखिन्छ ।

त्यसकारण यस्ता महत्वपूर्ण विषयमा सम्बन्धित निकायहरुले नागरिकहरुको प्रत्यक्ष आवज जावत गर्नुपर्ने राजमार्गहरु वेलैमा पुन:निर्माण गरेर र यात्रा नगरी नहुने वाहेकका अवस्थामा नागरिकहरुलाई सु-सुचित गर्न जरुरी छ ।

विगतमा जस्ता बढी, पैरोको कारण कुनैपनि नागरिकले अकालमा ज्यान नगुमाउन भन्ने दिर्धकालीन योजना बनाएर काम गर्नु सरकारको कर्तव्य हो ।

सरकारको कर्तव्य सँगसँगै आम नागरिक पनि आषनो सुरक्षा आफैले गर्नुपर्छ पछि घटनापछि पछुताउनु भन्दा आफै सर्तक हुनु बुद्धिमानी हुन्छ । त्यसैले सवैले सतर्कता अपनाऔ बाढी, पैरोवाट जोगियौ ।

# एउटा कथा यस्तो पनि



**मुक्तिबन्धु**

बातचितमा कथा गाँस्ने चलन नेपालमा पुरानै हो । कथाले सर्वसामान्यलाई पनि आफूले बुझाउन चाहेका कुरा छलंग पारेर बुझाउन सजिलो पार्छ । कुरामा रोचकता पनि थप्छ । प्रसंग पञ्चायतकालीन हो । हाम्रा गाउँ-क्षेत्रबाट कुनै पटक निर्वाचित एक राष्ट्रिय पञ्चायत सदस्य कुरा गर्न निक्कै सिपालु थिए ।

यसै त राजनीति गर्नेहरु कुरा गर्न सिपालु नै हुन्छन् । उनी विशेष सिपालु थिए । कुरामा आकाश-पाताल जोड्न सक्थे । उनी जहिले पनि कुनै न कुनै कथा गाँसेर कुरा गर्थे । भाषण गर्दा पनि उनी कुनै न कुनै कथा गाँस्थे । कथा दन्त्यकथा, लोककथा पाराका हुन्थे । एकपटक एउटा खास प्रसंगमा उनले भनेको कथा यस्तो थियो- 'म पैसा कमाएर मात्र फर्कन्छु भन्दै रामे शहर पस्यो । हुर्केको छोरो शहर पसेपछि घरमा बुहारी आउली, नातिनातिनासँग बसौंला, खेलौंला भन्ने बूढाबूढीको आशा त अब मोगलान नै पस्यो ।

घरमा बूढाबूढी मात्र भए, सधैँ टामाटुमी, सुनसान । थुम्कामुनि खोरियामा घर । गाउँ पनि नजिक थिएन । खेती गर्न सके वर्षदिनलाई पुग्ने अनाज फल्ने खेतबारी थियो । बूढाबूढी मिलेर काम गर्थे । मनग्गे थिएन र पनि गुजारा राम्रै चलेको थियो ।

छोरा हुँदा आमालाई मीठो मसिनो पकाउन मन लाग्थ्यो । बूढा पनि मक्ख परेर खान्थे । छोरा हिँडेपछि मीठो पकाउने जाँगर मर्दै गयो । बूढीले पकाएको बूढालाई स्वाद लाग्न छोड्यो । आफू खाना बनाऊँ त बूढासँग ढंग थिएन । दिनहरु बित्दै गए । बूढालाई अब बूढी देख्दै झोक चल्न थाल्यो । आपसमा सरसल्लाह हराउँदै गयो । ठास्सठुस्स बढ्यो । बूढो मापाको थियो । बूढी पनि कम्ताकी थिइन । झगडा परी नै रहन्थ्यो । जति जे भए पनि बूढी पचाउन सक्थी । बूढो सहनै सक्दै नथ्यो ।

एकदिन साँझ बूढाले भन्यो, 'तँ बूढीले मलाई राम्रो खाना दिइनस् । म अब देउतासँग नयाँ बूढी माग्न तपस्या गर्छु । हिमालतिर उक्लन्छु ।' 'ल जाऊ । म पनि हेरौँला, तिमी हिमाल उक्लेको । नयाँ बूढी ल्याएको पनि हेरौँला । अनुहार हेर्दा उराठ लाग्दो भइसक्यो । नयाँ बूढी ! कसले पत्याउँछ तिमीलाई ?' बूढीका कुराले बूढो धेरै नै उत्तेजित भयो र तपस्या गर्न कुनै एउटा ओढारतिर लाग्यो । बूढो तपस्या गर्दै थियो । त्यसै बाटो महादेवसँग गोसाइँकुण्डतिर जाँदा पार्वतीले देखिन् । दया लाग्यो । भनिन्, 'यसमाथि कृपादृष्टि दिनुस् न । बुढेसकालमा बिचरो तल्लीन भएर तपस्या गरिरहेको छ । यसलाई वरदान दिनुस् ।'

महादेवले मुसुक्क हाँस्दै पार्वतीसित भने, 'यससँग थाप्ने भाँडो पनि छैन, राख्ने भाँडो पनि छैन । बुद्धि पनि छैन । धैर्य पनि छैन । पोखिन्छ, खेरो जान्छ भन्ने जान्दाजान्दै वरदान किन दिने ?' महादेवले जे भने पनि पार्वतीले ढिपी छोडिनन् । 'ठीक छ तिमी जिद्दी गर्छ्यौ भने म वरदान दिन्छु' भन्दै महादेव बूढाका अगाडि गए । पार्वती पनि सँगै गइन् । महादेले सोधे, 'भन तपस्वी, तिमीलाई के चाहियो ?' के भनुँ के भनुँ भएर हतारिँदै र अकमकाउँदै बूढाले भन्यो, 'मलाई मनको इच्छा पूरा हुने वरदान चाहियो ! वरदान !!'

'ठीक छ तिमीलाई वरदान चाहियो । म वरदान दिन्छु । तिमीले बोलेका कुरा पूरा हुने वरदान दिन्छु । एकपटक होइन, दुईपटक होइन, तीनपटकसम्म तिमीले जे बोल्छौ, जे माग्छौ, त्यो पूरा हुन्छ । तिम्रो बोलीमा तिमीले चाहेको कुरा मागेर पाउन सक्ने शक्ति आउँछ । तीनपटक मागेपछि त्यो शक्ति सकिन्छ । हुन्छ ?'

'हुन्छ, किन नहुनु ?' बूढो खुशीले गद्गद् भयो । शिव-पार्वती आफ्नो बाटो लागे । बूढो घरतिर लाग्यो । उडेर घर पुग्यो कि हिँडेरै पुग्यो, बूढाले थाहा पाएन । घर पुग्दा बूढी पिँढीमा बसेर जाँतोमा मकै पिँधिरहेकी थिई । 'ए म नभए पनि मकै पिँधी-पिँधी रोटी त खाँदिरहिछ त ! म घरमा हुनु र नहुनु बराबर !' बूढालाई झननन रिस उठ्यो । पिँढी उक्लँदै हात उठाएर भन्यो, 'जा बूढी !'

बूढाले यति भनेको मात्र थियो, हातो समातेको जाँतो र पिँधेको पीठोसितै बूढी अलप भई । अब पिँढी खाली, आँगन खाली, पूरै घर संसार खाली । बूढालाई बूढी अलप भएर ठाउँ खाली हुनुको मजा आयो । बूढो एक्लै हाँस्यो । कति दिनदेखि पेटभरि खान पाएको थिएन । पेटभित्र भोकले आगो बलेको थियो । घरभित्र चुल्हो बलेको थिएन । चुल्हो बाल्न बूढाले नयाँ बूढीको आवश्यकता देख्यो । मनमनै दंग पर्दै सोच्यो, 'अझै दुईवटा वरदान बाँकी छ, एउटाले नयाँ बूढी जुटाउँछु, बाँकी अर्को वरदानले मनमा भएजति सबै इच्छा पूरा गर्नुपर्ला ।'

बूढाले हात माथि उठाएर खुशीले मखमेल हुँदै भन्यो, 'आ नयाँ-नयाँ बूढी !' नयाँ-नयाँ भनेपछि बूढी जतिजना पनि हुन सक्थे, भए । बूढाका घरमा अनेकौँ बूढीहरु चुरा बजाउँदै आइपुगे । बूढीका बथान देखेर बूढो अचानक झस्क्यो । एउटी बूढीले बूढालाई अँगालो मार्दै भनी, 'कटक्क भोक लाग्या छ, के खाने हो ?' अर्कीले अगाडि उभिएर भनी, 'गाग्रोमा पानी पनि रहेनछ, पँधेरो कति टाढा छ ?' चोटाकोठा गरेर ओर्लंदैकी एउटी बूढीले जर्जराउँदै भनी, 'यति सानो झुप्रो, हामी यतिका बूढीहरु कसरी अटाएर बस्ने ?' अर्कीले भनी, 'भकारीमा धान त सकिन लाग्या छ, त्यति धानले कति दिन चल्छ ?' अर्की बूढी उतर्सिंदै भनी, 'म चामल कुट्न त सक्दिन है ! तिम्रो ढिकीको टाउकै ठूलो !' पर आँगनमा ५-७ जना बूढीहरु बूढालाई आँखा तर्दै भनिरहेका थिए, 'बूढो बहुलाएको रहेछ, सद्दे बूढो भए यति धेरै बूढी किन थुपार्थ्यो । यसलाई ठीक पार्नुपर्छ ।'

धेरै बूढीहरु, धेरै कुरा । कुनै बूढी गाला चिमोट्ने, कुनै कपाल तान्ने, कुनै पिठ्यूँमा ढ्यापढ्याप पार्ने, आधा घण्टामै हायलकायल भयो बूढो । यति धेरै बूढी कसरी सम्हाल्ने ? हेर्दाहेर्दै बूढो त नीलै भयो, आत्तियो । अत्यासमै हात उठाएर च्याँठिदै करायो, 'जाओ नयाँ बूढीहरु ! आइज मेरो पुरानै बूढी !' नयाँ बूढीहरु अलप भए । हातमा कुच्चो लिएर जाँतोवरिपरिको पीठो बढारिरहेकी पुरानी बूढी पुरानै रुपरंगमा पिँढीमा प्रकट भई । बूढी देखेर बूढाले थाप्लामा हात राखेर सुस्केरा छोड्दै आफैँसँग भन्यो, 'नयाँ बूढीहरु धपाउनु त ठिक्कै थियो, हतारमा मैले यो पुरानी बूढीलाई किन बोलाएँ हुँला ? म त फेरि रुझेको बिरालो ! त्यही घुमीफिरी रुम्जाटार ! यत्रो तपस्या गरेर तीन-तीनवटा वरदान पाएर पनि फेरि त्यही कचकचे बूढी ! धत्तेरिका !! मेरो बुद्धि !! बूढो इन्तु न चिन्तु पारामा आँगनमा उत्तानाटाङ ढल्यो ! बूढाको चाला देखेर बूढी खित्का छोडेर हाँसी ।'

कथा यत्ति हो । यो कथा आजको नेपालमा सान्दर्भिक छ कि छैन ? त्यो त थाहा भएन । तर पनि यो कथा नेपालकै हो । अतीतका नेपाली जनप्रतिनिधिले नै जनताबीच भनेको कथा हो । नेपालकै परम्परागत कथा हो । यसै त कति लोककथाहरु दृष्टान्त र व्यञ्जनामा सार्थक रहेका पाइन्छन् । नेपालीले नेपालकै अर्ग्यानिक कथा भन्नु-सुन्नु रमाइलै कुरा होला कि भनेर पनि सम्झेको । कथाले कतै कुनै अलमलमा दिशाबोध पनि दिन्छ कि ! नयाँ युगमा पुराना कथाको कतै कुनै उपयोगिता नरहेर श्रोतालाई अलिकति मनोरञ्जन मात्र दिन सक्यो भने पनि ठूलो कुरा ! अतीत स्मारक चेतानाको उज्यालो दिन सक्यो भने त अझ कति-कति ठूलो कुरा ! लौ त सुन्नेलाई सुनको माला !

# गीत संगीतमा अमूल्य योगदान पुर्याउँदै गायक तथा संगीतकार सुफिक्स मदन नेपाली



*काठमाडौं- नेपाली साङ्गीतिक क्षेत्रका एक चम्किला तारा भनेर चिनिने गायक तथा संगीतकार र सुफिक्स मदन नेपाली गीत सङ्गीत क्षेत्रका एक उदाहरणीय व्यक्ति हुन्। उनले गरेका हरेक सिर्जना चर्चामा आउने गर्दछन्। विगत लामो समयदेखि नेपाली गीत सङ्गीत क्षेत्रमा लागेका नेपालीले भर्खरै एरिका डिजिटल रेकर्डिङ स्टुडियो सन्चालनमा ल्याएकाछन्। उनै लोकप्रिय गायक तथा संगीतकारसँग जन आकाश मिडियाका सँवददाता बिनोद कार्कीसँग गरेको कुराकानी हामिले यस अंकमा यसरी प्रस्तुत गरेका छौं।*

**तपाईंले हालसम्म कति गीतमा संगीत गर्नुभएको छ ?**

मैले हालसम्म सात सयभन्दा बढी गीतहरूमा संगीत गरेको छु। तीमध्ये धेरैजसो गीतहरू दर्शक-श्रोताको मनमा बस्न सफल भएकाछन्, केही गीतहरु भने खासै चलेकाछैनन्। तर मैले संगीत गरेका गीतहरूमध्य सेतो सेतो कमेरो माटो, आकाशैमा ए गनगन जस्ता थुप्रै गीतहरू यस्तो भए, जसले मलाई 'सुफिक्स मदन नेपाली' भनेर चिनाउन सहयोग गरे। यिनै गीतहरूले मेरो पहिचान बनाइदिए।

**तपाईं गीत–संगीत क्षेत्रमा कसरी प्रवेश गर्नुभयो?**

संगीतमा रुचि मलाई बाल्यकालदेखि नै थियो। स्कुल पढ्दा गाउँघरमा मेलापात गर्दा म सधैं गीत गुनगुनाइरहन्थें। मेरो आवाज सुनेर गुरु साथीभाइहरूले भन्थे तिम्रो आवाज राम्रो छ एकदिन गायक बन्छौ उहाँहरुको सल्हाले मेरो मनमा संगीतप्रतिको मोह झन् बढ्दै जान्थ्यो। संगीतको रहरले मलाई काठमाडौंसम्म ल्यायो। काठमाडौं आएपछि मैले एउटा गीत रेकर्ड गरेँ त्यही गीतबाट मेरा संगीतको औपचारिक यात्रा सुरु भयो।

**तपाईं संगीत कसरी सिर्जना गर्नुहुन्छ ?**

संगीत सृजनाको प्रक्रिया सबै संगीतकारको फरक-फरक हुन्छ। कसैले एकान्तमा बसेर संगीत गर्न मन पराउँछन्, कसैले यात्रा गर्दागर्दै धुन बनाउँछन्। मेरो शैली चाहिँ हार्मोनियमसँगै जोडिएको छ। म जब हार्मोनियम बजाउन थाल्छु, त्यही तालले मलाई संगीत सिर्जनाको संसारमा डुबाउँछ। कहिले शब्द सुनेर धुन आउँछ, कहिले धुन बनेपछि त्यसअनुसार शब्द मिल्छ। त्यो क्षणमा म संसार बिर्सिन्छु–सिर्फ संगीतको भावमा डुब्छु। त्यसरी मेलै संगीत गर्ने गर्छु भन्दै चर्चित गायक तथा संगीतकार सुफिक्स मदन नेपाली जन आकाश मिडियासँग बताउछन्।

# सिलाई पेशाको रूपान्तरणमा प्राविधिक शिक्षाको भूमिका

■ **विनोद कार्की**

काठमाडौं- आजको युग विकताज्ञान, प्रविधि र तीव्र प्रतिस्पर्धाको युग हो। हरेक व्यवसायमा सफलता हासिल गर्न आधुनिक ज्ञान र सीप अपरिहार्य बनेको छ। परम्परागत रूपमा धेरै नेपालीले अपनाउँदै आएको सिलाई पेशा पनि अब सिर्जनशीलता, दक्षता र व्यावसायिकताको नयाँ स्तरमा प्रवेश गर्दैछ। यस्तो अवस्थामा प्राविधिक शिक्षा अब विकल्प होइन, अनिवार्य आवश्यकता बनेको छ।

**१. गुणस्तरीय सेवा दिन प्राविधिक ज्ञान आवश्यक**

ग्राहकको आवश्यकता निरन्तर परिवर्तन भइरहेका छन्। उनीहरू ट्रेन्डअनुसार डिजाइन, मापमा मिल्ने लुगा र छिटो सेवा चाहन्छन्। यस्तो सेवा दिन 'कटिङ', 'फिनिसिङ' र 'डिजाइन' जस्ता सीप आवश्यक हुन्छ – जुन प्राविधिक तालिमबाट मात्र सम्भव छ।

**२. रोजगारी र स्वरोजगारको अवसर**

सिलाई तालिम लिएका व्यक्तिहरूले सजिलै आफ्नै व्यवसाय सुरु गर्न सक्छन् वा फ्याक्ट्री तथा बुटिकहरूमा रोजगारी पाउन सक्छन्। नेपालमा मात्र होइन, विदेशमा समेत दक्ष टेलरको माग बढ्दो छ, जसले वैदेशिक रोजगारीको अवसर पनि प्रदान गर्छ।

**३.प्रतिस्पर्धामा टिक्न प्राविधिक दक्षता अनिवार्य**

अनलाइन शपिङ र रेडिमेड कपडाको बजारले परम्परागत सिलाई पेशालाई चुनौती दिइरहेको छ। यो चुनौतीलाई अवसरमा बदल्न टेलरहरूले डिजिटल डिजाइन, फेसन ट्रेन्ड र ग्राहक सेवा जस्ता आधुनिक सीपहरू सिक्न आवश्यक छ।



**४.महिला र युवाका लागि सशक्त माध्यम**

सिलाई सम्बन्धी प्राविधिक तालिम महिलाहरूका लागि सुरक्षित, सम्मानजनक र आत्मनिर्भर बन्ने अवसर हो। युवाहरूका लागि पनि कम लागतमा व्यवसाय सुरु गर्न मिल्ने सम्भावनायुक्त क्षेत्र हो।

यदि सिलाई पेशालाई दीर्घकालीन, लाभदायी र सम्मानजनक बनाउन चाहिन्छ भने, प्राविधिक शिक्षा अनिवार्य छ। राज्य, शिक्षण संस्था र निजी क्षेत्रको सहकार्यमा यस्ता तालिमहरू सबैका लागि पहुँचयोग्य र व्यावहारिक बनाइनुपर्छ।

# अर्थमन्त्रीलाई नेविसंघको ज्ञापनपत्र: पेड इन्टर्नसिप कार्यक्रमको माग

काठमाडौं- नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघले विद्यार्थीलाई रोजगारीसँग जोड्न पेड इन्टर्नसिप कार्यक्रम लागू गर्न माग गरेको छ।

संघका अध्यक्ष दुजाङ शेर्पाको नेतृत्वमा अर्थमन्त्री विष्णु पौडेललाई भेटेर स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरूलाई रोजगार बजारसँग प्रत्यक्ष रूपमा जोड्न अनिवार्य पेड इन्टर्नसिपको कार्यक्रम लागू गर्न माग गरेका हुन्।



अध्ययनकै क्रममा व्यावसायिक अनुभव प्रदान गर्न सातै प्रदेशमा प्रविधिक तथा व्यावसायिक शिक्षाका केन्द्रहरू विस्तार गरी अनुसन्धान तथा उद्यमशीलता प्रवर्धन गर्न सरकारको ध्यानाकर्षण गराइएको छ।

ज्ञापनपत्रमा माइक्रोसफ्ट, मेटा, गुगल, ओराकल लगायत प्रविधि कम्पनीहरुलाई नेपालमा दर्ता गर्न, कार्यालय खोल्न अनुकूल वातावरण बनाउन माग गरिएको छ। 'सूचना तथा प्रविधि क्षेत्रको समग्र विकासका लागि सरकारले कर छुट, सहुलियत, लाइसेन्स शुल्कमा छुट लगायत प्रोत्साहनात्मक कार्यक्रमहरू ल्याउनु आवश्यक छ' नेविसघंको ध्यानाकर्षणपत्रमा भनिएको छ,'त्यसैगरी, सरकारले सूचना तथा प्रविधि कम्पनीहरूलाई भाडामा जग्गा उपलब्ध गराउने नीति अवलम्बन गरियोस्।'

# अनलाइन पत्रकारको अध्यक्ष बने सत्याल, यस्तो बन्यो कार्यसमिति

काठमाडौं- नेपाल पत्रकार महासंघको एसोसिएट संस्था अनलाइन पत्रकार संघ, नेपालको अध्यक्षमा शिवप्रसाद सत्याल निर्विरोध निर्वाचित भएका छन्।

शनिबार सम्पन्न संघको १४औं वार्षिक साधारणसभाबाट वडापालिकामा आवद्ध सत्यालको अध्यक्षतामा सात सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित भएको हो।

संघको उपाध्यक्षमा उकेरा डटकमकी प्रजु पन्त, सचिवमा विकासन्युजका सन्तोष रोकाया, कोषाध्यक्षमा इक्विटी नेपालका निर्दोष घोरसाइने साथै सदस्यहरुमा बाह्रखरीका कृष्ण लोत्थ्याल, कान्तिपुरकी पुष्पा केसी र हिमवतखण्ड डटकमका श्रीकृष्ण धिमाल चयन भएका छन्।

संघको १४औं साधारणसभामा संस्थापक अध्यक्ष केपी ढुङ्गाना नेतृत्वको निर्वाचन समितिले निर्विरोध निर्वाचित भएको नयाँ कार्यसमितिको घोषणा गरेको हो। कार्यक्रमको प्रमुख अतिथि नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहाल थिए।



रामेछाप डायरी

# रामेछापको तिल्केस्थान गढी संरक्षणमा नेपाली सेना



रामेछापको रामेछाप नगरपालिका र मन्थली नगरपालिकाको सिमानामा रहेको तिल्केस्थान गढीमा नेपाली सेनाले मन्दिर निर्माण गरेको छ। उक्त निर्माण भएको मन्दिरको समोबार उद्घाटन गरिएको छ।

पुननिर्माण गरिएको खाँडादेवि मन्दिरको नेपाली सेनाको मध्यपूर्वि पृतनाका पृतनापति उपरथि कृष्णवहादुर जिसीले उद्घाटन गर्नुभयो। मन्दिर उद्घघाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले ऐतिहासिक गढी र किल्लाहरुको संरक्षण र सम्बर्द्धन गर्ने नेपाली सेनाको नीति तथा कार्यक्रम अन्तरगत तिल्केस्थान गढीको जिर्णोद्धार र उक्त गढीमा रहेको जिर्ण भई नासिने अवस्थामा पुगेको खाँडादेवि मन्दिरको पुननिर्माण गरिएको बताउनुभयो। उहाँले ईतिहास प्रति गर्व गर्न सकियो भने मात्र राष्ट्रिय एकता कायम हुने बतानुभयो। गढी सहित नव निर्मित मन्दिरको संरक्षणमा स्थानिय सरकार लानुपर्ने उहाँले बताउनुभयो। पृतनापति जिसीले तिल्केस्थान गढीमा राष्ट्रिय झण्डाको झण्डोत्तलन समेत गर्नुभयो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले ऐतिहासिक गढी तिल्केस्थान निकै सम्भावना बोकेको ठाउँहरु रहेको बताउनुभयो। ईतिहासलाई झल्काउने यस्ता ठाउँहरुको प्रचार प्रसार,संरक्षण र प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुभयो। नेपाली सेनाले गरेको कामको प्रशंसा गर्नुहुँदै उहाँले ईतिहासलाई सबैले सम्झनुपर्ने बताउनुभयो।

सो कार्यक्रममममा रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले मन्थली र रामेछाप नगरपालिकाको संमगस्थलमा रहेको यो गढी दुबै पालिकाको साझा सम्पती रहेको बताउनुभयो। उहाँले स्थानीय सरकारले तिल्केस्थान गढीलाई पर्यटन प्रवर्द्धनमा जोड्न धेरै काम गर्न बाँकी रहेको बताउनुभयो। दुबै पालिका मिलेर आगामी दिनमा यसको प्रवर्द्धनमा काम गर्नुपर्ने उहाँले बताउनुभयो। नेपाली सेनाले पुननिर्माण गरेको खाँडादेवि मन्दिर र गढीको संरक्षणका लागि रामेछाप नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष सन्तोष कुमार तामाङलाई हस्तान्तरण गरिएको छ।

ऐतिहासिक गढी तिल्केस्थानमा रहेको पुरानो मन्दिर र गढी भग्नावशेष भएकोमा नेपाली सेनाको खड्गदल गण रामेछापको पहलमा महिनौ लगाएर उक्त मन्दिर र गढीको जिर्णोद्धार गरिएको हो। मन्दिर पुननिर्माणको क्रममा पुरातात्विक हिसावको विष्णुको मुर्ति समेत फेला परेको थियो। उक्त मुर्ति खाँडोदवि मन्दिर भित्र प्रतिस्थापन गरिएको छ।

नेपाली सेनाको सिघ्र प्रभावी योजना अन्तरगत रामेछापको खड्गदल गणका गणपति प्रमोद पौड्यालको सक्रियतामा महिनौ लगाएर उक्त मन्दिर निर्माण कार्य भएको हो। रामेछाप व्यारेक भन्दा झण्डै ८ किलोमिटर पश्चिममा रहेको उक्त गढीमा यस अघी रामेछाप नगरपालिका, मन्थली नगरपालिका र पर्यटन बोर्डले लगानी गरी सिढी निर्माण गरेका थिए।

रामेछाप नगरपालिकाले डिपीआर बनाएर गढीको पुनिर्माण गर्ने योजना अघी सारेपनि थप काम अझै अधुरो रहेको छ। ऐतिहासिक तिल्केस्थान गढी संरक्षण र प्रचार प्रसार नहुँदा आझेलमा परेको छ।

यस्तो छ तिल्केस्थान गढीको छोटो इतिहास

तिल्केस्थान गढीमा अंग्रेज फौजसँगको नेपालको युद्धताका सैनिक बस्थे। त्यहाँ बस्ने सैनिक र युद्धका सामग्री भण्डारणका लागि साविक रामेछाप गा.वि.समा अर्को सुरुङ बनाईएको थियो भन्ने गरिन्छ। नेपाल एकीकरणमा विजयी स्थानको रक्षा गर्न सैनिक खटाउने क्रममा तिल्केस्थान गढीको सुरक्षा गर्ने जिम्मा सहित भलुवाजोरमा पूर्व सैनिक बडा ऐमानसिंह (अहिमानसिंह) थापालाई खटाईएको इतिहास छ।

वि.सं. १८३६ सालतिर अहिमानसिंह थापालाई भलुवाजोरमा स्थायी बसोबास नै गर्ने गरी आवश्यक सबै बन्दोबस्त गरेर खटाईएको विषय राष्ट्रिय विभूती अमरसिंह थापा प्रतिष्ठानले प्रकाशन गरेका पुस्तकहरुमा समेत उल्लेख छ। ती सैनिकहरु माडी चौरमा परेड खेल्थे पनि भनिन्छ। माडी चौर तिल्केस्थान गढीमा देश रक्षर्थ खटिएका सैनिकहरुको पनि तालिम गर्ने थलो हो। यो रामेछाप बजारबाट लगभग ४ किलो मिटर दुरीमा पर्छ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३९, २०८२ साल जेठ १३ गते मंगलबार (JUN 27, 2025)

# हिमालयन ट्राभल मार्टको पाँचौं संस्करण जेठ २० देखि, ५ करोड रुपैयाँ खर्च हुने

काठमाडौं- हिमालयन ट्राभल मार्टको पाँचौं संस्करण जेठ २० गतेदेखि हुने भएको छ । प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा)ले नेपाल पर्यटन बोर्डसँग मिलेर काठमाडौंमा तीन दिने मेला गर्न लागेको हो ।

देशकै प्रमुख अन्तर्राष्ट्रिय ट्राभल मेला मानिने मार्टमा १२० देशका पर्यटन व्यवसायीहरुलाई निम्ता गरिएको पाटा नेपाल च्याप्टरका अध्यक्ष खेम लकाइले जानकारी दिए ।

नेपालका सांस्कृतिक सम्पदाहरुको प्रचार प्रसारका लागि ट्राभल भ्लगरहरुलाई पनि बोलाइएको छ । मेलामा करिब ७०० प्रतिनिधिको सहभागिता रहनेछ ।

मेलामा पर्यटनका विभिन्न विषयमा प्यानल डिस्कसनका साथै बिजनेस मिटिङ पनि हुनेछ । विभिन्न कम्पनीले प्रदर्शनी कक्ष राख्ने छन् ।

मेलामा सहभागी हुने विदेशीलाई काठमाडौं



उपत्यकामा रहेका विभिन्न सांस्कृतिक सम्पदाको अवलोकन गराउने तालिका छ । मार्ट आयोजनामा ५ करोड रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

मार्टबाट नेपालको पर्यटन प्रवर्धनमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

# ऋण लगानी हुनुपर्ने रकम राष्ट्र बैंकमा 'पार्क', बजारमा माग नभएपछि ४० दिनमै थपियो दुई खर्ब

काठमाडौं- रोजगारी सिर्जना र उत्पादन बढाउनका लागि ऋण लगानी हुनुपर्ने बैंकिङ प्रणालीको पैसा बजारमा माग नभएपछि राष्ट्र बैंकमा थन्किन पुगेको छ । बजारमा ऋणको माग नभएपछि ४० दिनमै बैंकिङ प्रणालीको करिब २ खर्ब रुपैयाँ राष्ट्र बैंकमा थन्किन पुगेको हो ।

ऋण लगानी बढाउन नसकेपछि बैंक तथा वित्तीय संस्थाहरुले लगानीयोग्य रकम (तरलता) राष्ट्र बैंकमा ' पार्क' गर्ने क्रम बढाएका छन् । आर्थिक गतिविधि सुस्त भइ कर्जाको माग बढ्न नसक्दा बैंकहरुले तरलता राष्ट्र बैंकमा थुपार्ने क्रम बढाएका हुन् ।

बैंक तथा वित्तीय संस्थाहरुले राष्ट्र बैंकमा 'पार्क' गरेको तरलता गत चैतमा साढे २ खर्ब रुपैयाँमा झरेकामा अहिले ३ खर्ब ८० अर्ब रुपैयाँ पुगेको छ ।

आयात र सेयरमा बाहेक अन्य क्षेत्रमा कर्जाको माग नरहेका कारण बाध्य भएर सस्तो दरमा राष्ट्र बैंकमा पैसा राख्नुपरेको बैंकरहरु बताउँछन् ।

राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) देवेन्द्ररमण खनालले कर्जाको माग अपेक्षाजनक नरहेको बाध्य भएर राष्ट्र बैंकमा पैसा राखेको बताए । उनका अनुसार कर्जा एक बैंकबाट अर्को बैंकमा सार्ने प्रवृत्ति बढेपनि नयाँ कर्जाको माग बण्न सकेको छैन ।

'रेमिटेन्सको वृद्धिदर राम्रो छ । तर, कर्जाको माग छैन । आयात बढे पनि अन्य क्षेत्रमा कर्जाको माग नहुँदा तरलता थपिँदै गएको हो,' उनले भने, 'नयाँ ऋण लगानी नबढेपछि हामीले सस्तो ब्याजदरमा राष्ट्र बैंकमा राख्नुको विकल्प छैन ।'

पछिल्लो ४० दिनमा वाणिज्य बैंकहरुको कर्जा प्रवाह ४ अर्बले खुम्चिएको छ । चैत मसान्तसम्म कूल ४९ खर्ब १५ अर्ब कर्जा प्रवाह भएकामा जेठ ११ गतेसम्म आइपुग्दा ४९ खर्ब ११ अर्ब रुपैयाँमा खुम्चिएको छ ।

यो अवधिमा वाणिज्य बैंकहरुमा निक्षेप संकलन भने ४५ अर्ब थपिएको छ । लगानी खुम्चिने र तरलता थुप्रिने स्थितिका कारण बैंकहरुले सस्तो ब्याजदरमा राष्ट्र बैंकमा पैसा 'पार्क' गर्ने क्रम बढाएका हुन् ।

कर्जा प्रवाह सुस्त भएकाले प्रणालीमा थुप्रिएको पैसा व्यवस्थापन गर्न तरलता खिच्ने क्रम बढाएको राष्ट्र बैंकका अधिकारीहरु बताउँछन् ।

'गत कात्तिक मंसिरमा ४ खर्ब हाराहारीमा खिचेको तरलता चैतमा २ खर्ब हाराहारीमा झरेको थियो । त्यो बेलामा बैंकहरुले कर्जा बढाउन थालेपछि तरलता खिच्ने क्रम कम गरेका थियौं,' राष्ट्र बैंकका एक कार्यकारी निर्देशकले भने, 'अहिले पुनः बैंकहरुको कर्जा लगानी खुम्चिन थालेकाले तरलता खिच्ने क्रम बढाएका हौं । कर्जा लगानी सुस्त हुँदा व्यवस्थापन गर्न हामीलाई सकसपूर्ण भइरहेको छ ।'




बैंकहरुले हाल निक्षेप संकलन उपकरणमार्फत २ खर्ब र स्थायी निक्षेप सुविधामार्फत १ खर्ब ८० अर्ब रुपैयाँ राष्ट्र बैंकमा राखेका छन् । यसमा बैंकहरुले ३ प्रतिशत ब्याज पाउँछन् ।

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला बैंकिङ प्रणालीमा भएको पुँजी कर्जाका रुपमा लगानी हुनुपर्नेमा राष्ट्र बैंकमा थुप्रिनु अर्थतन्त्रका लागि राम्रो संकेत नभएको बताउँछन् ।

'चालु आर्थिक वर्ष राष्ट्र बैंकले जुन लक्ष्य लिएको थियो, त्यस अनुसार ऋण लगानी हुन सकेन । १० महिनामा साढे ३ खर्ब रुपैयाँ हाराहारी मात्र कर्जा प्रवाह भएको देखिन्छ । जसले गर्दा बैंकहरुले बाध्य भएर राष्ट्र बैंकमा राख्नु परिरहेको छ,' उनले भने, 'रोजगारी सिर्जना र उत्पादन वृद्धि हुने क्षेत्रमा लगानी हुनुपर्ने राष्ट्र बैंकमा थुप्रिन इकोनोमीका लागि राम्रो संकेत होइन ।'

# महालक्ष्मी विकास बैंक लि. को ३१ औँ वार्षिकोत्सवको अवसरमा ३१ जना महिला उद्यमीहरुलाई सम्मान

काठमाडौं- महालक्ष्मी विकास बैंकले मिति २०८२/०२/०७ गते ३१ औं वर्पमा प्रवेश गरेको अवसरमा मिति २०८२/०२/०४ गते देखी २०८२/०२/१० गते सम्म महिनाब्यापी रुपमा वार्षिक उत्सव मनाउने क्रममा महिला उद्यमीहरुलाई देशैभरीका विभिन्न शाखा कार्यालयहरु मार्फत विभिन्न कार्यक्रमहरु गरी सम्मान गरेको छ ।




वित्तीय पहुँच, आर्थिक विकास, सामाजिक प्रगति तथा लैंगिक समानताकोमुल प्रवाहमा ल्याउने उद्धेश्य सहित उक्त सम्मान गरिएको हो । यस कार्यबाट उद्यमशिलतालाई समेत प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

यसका साथै बैंकले वार्षिकोत्सवको अवसरमा जेष्ठ ६ गते देश भरका १० वटा शाखा कार्यालयहरु र बैंकको केन्द्रिय कार्यालयमा बृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । उक्त रक्तदान कार्यत्रमहरु मार्फत ३२० पिन्ट रगत संकलन गरिएको थियो । स्वास्थ्य क्षेत्रमा चुनौतीको रुपमा रहेको रगत व्यवस्थापनमा सहजता होस्भन्ने उद्देश्यले बैंकले ३१ औं वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रमहरु सञ्चालन गरेको हो ।

साथै बैंकले जेष्ठ ७ गते बुधबार केन्द्रिय कार्यालय, प्रादेशिक कार्यालय तथा शाखा कार्यालयहरु मार्फत देशको भौगोलिक र सांस्कृतिक अवस्थाको उजागर गर्न कर्मचारीहरुलाई स्थानीय भेषभूषा सहितको पहिरनमा उपस्थीत भई सम्बन्धीत भेषभुषाको प्रहसन गरिएको थियो । यसका साथै बैंकको केन्दिय कार्यालयमा निःशुल्क स्वास्थ्य शिविर तथा आँखा शिविर समेत सञ्चालन गरेको छ । त्यस्तै केन्दिय कार्यालय, प्रादेशिक कार्यालयहरु तथा शाखा कार्यालयका कर्मचारीहरुको सहभागितामा वित्तीय साक्षरता सहितको प्रभातफेरी कार्यक्रम समेत सम्पन्न गरिएको छ ।

उक्त प्रभातफेरी कार्यक्रममा बैंकिङ्ग सेवाहरुः जस्तै मोवाईल बैंकिङ्ग, स्मार्ट क्युआर, निक्षेप, कर्जा, विप्रेषण आदिसँग सम्बन्धित प्लेकार्डहरुको प्रयोग गरिएको थियो । वार्षिक उत्सवको महत्वपुर्ण कार्यक्रमको रुपमा रहेकोर विगत ३ बर्षदेखि सफलतापुर्वक सञ्चालन गरिएको महालक्ष्मी कर्पोरेट क्रिकेटको चौथो श्रृबखला (महालक्ष्मी कर्पोरेट क्रिकेट लिग - २०२५, श्रृबखला ४) २४ टिमको सहभागितामा बैंकले जेष्ठ २१, २२, २३ र २४ गते सञ्चालन गर्नेछ ।

# यती एअरलाइन्ससँगको सहकार्यमा ग्लोबल आइएमई बैंक

काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले यती एअरलाइन्ससँगको सहकार्यमा बैंकका ग्राहकहरुलाई हवाई यात्रा गर्दा विभिन्न सेवा सुविधा सहित 'ग्लोबल स्काई क्लब कार्ड' शुभारम्भ गरेको छ ।

ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र यती एअरलाइन्सका प्रमुख कार्यकारी अधिकृत सुवास सापकोटाले संयुक्तरुपमा उक्त कार्डको अनावरण गरेका हुन् ।




ग्लोबल स्काई क्लब कार्डवाहकहरुले यती एअरलाइन्सको हरेक हवाई टिकट खरिदमा १० प्रतिशत वा अधिकतम ५०० रुपैयाँसम्म छुट पाउनेछन् । यस्तै, यो कार्डबाट पहिलो टिकट खरिदमा क्यासब्याक स्वरुप निःशुल्क टिकट पाइनेछ ।

यसका साथै, ग्लोबल स्काई क्लब कार्ड लिँदा १०० प्वाइन्ट बोनस प्राप्त हुनेछ । बोनस प्वाइन्ट विभिन्न छुट तथा सुविधाहरुको लागि प्रयोग गर्न सकिनेछ । ग्लोबल स्काई क्लब कार्डमार्फत पोस वा ई-कम बाट हुने कारोबारमा पनि प्रत्येक १०० रुपैयाँ बराबर १ माइलेज प्वाइन्ट प्राप्त हुने जनाइएको छ ।

कार्डबाहक ग्राहकहरुले चेक-इन र बोर्डिङमा प्राथमिकताका साथै यात्रामा सामानको निर्धारित तौल भन्दा थप ५ केजी तौल लैजाने सुविधा पनि पाउने छन् ।

बैंकका प्रमुख कार्यकारी अधिकृत रेग्मीले ग्लोबल आइएमई बैंक र यती एअरलाइन्सबीचको यस सहकार्यले डिजिटल कारोबार र ग्राहकमैत्री सेवा विस्तारमा सहयोग पुग्ने बताएका छन् । त्यसैगरी, यती एअरलाइन्सका प्रमुख कार्यकारी अधिकृत सापकोटाले ग्लोबल आइएमई बैंकसँगको यस सहकार्यबाट बैंक र एअरलाइन्स दुवैका ग्राहक तथा सेवाग्राहीलाई सुविधा पुग्ने बताए ।

# शिवम् सिमेन्टद्वारा (No Compromise) को नयाँ संस्करण सार्वजनिक

काठमाडौं- गुणस्तरको मामलामा कहिल्यै सम्झौता नगर्ने दृढ अडानका साथ नेपाली सिमेन्ट उद्योगमा अग्रणी स्थान बनाईसकेको शिवम् सिमेन्टले आफ्नो चर्चित ब्राण्ड क्याम्पेन' ल्य ऋयअचयकष्कभ' को दोस्रो संस्करण सार्वजनिक गरेको छ ।

'ल्य ऋयअचयकष्कभ' को बाचा गर्न सजिलो हुँदैन, तर जसले गर्छ उसको शिर सँधै ठाडो हुन्छ' भन्ने जनचेतना मुलक सन्देश सहित आएको यो नयाँ सिरिजले गुणस्तरमा कुनै पनि किसिमको सम्झौता नगर्ने शिवम्सिमेन्टको प्रतिबद्धतालाई अझ मजबुत रूपमा प्रस्तुत गरेको छ ।

शिवम्सिमेन्टले स्थापना कालदेखि नै ओ.पी.सी - इएऋ)सिमेन्ट मात्र उत्पादन तथा विक्रि वितरण गर्दै आइरहेको छ र गुणस्तरप्रति कहिल्यै सम्झौता नगर्ने नीति अवलम्बन गर्दै आएको छ ।'त्तगबष्तिथ को मामलामा ल्य ऋयअचयकष्कभ', गुणस्तरको पहिचान हो शिवम्' भरोसा अटुट सम्बन्धको' जस्ता सशक्त नाराहरूले नै शिवम् ब्राण्डको मूल पहिचान निर्माण गरेको छ ।

आफ्नो गुणस्तरको कारणलेनै शिवम्सिमेन्टले, सिमेन्ट जगतमै पहिलो पटक ल्क त्तगबष्तिथ ब्धबचम-२०१९ प्रथम पुरस्कारबाट सम्मानित समेत भएको थियो ।

हालै सार्वजनिक गरिएको ऋकउबष्नल टिजरले चलचित्रको ट्रेलरझैं सिनेम्याटिक प्रस्तुति दिँदै दर्शकहरुमाझ उत्सुकता र कौतुहलता सिर्जना गरेको थियो । त्यस पछि हाल सार्वजनिक गरेको पहिलो विज्ञापन भिडियोमा एक राष्ट्रसेवक ट्राफिक प्रहरीले आफ्नो कर्तव्यमा कम्प्रोमाइज नगरेको स्थितिलाई चित्रण गर्दै, शिवम् सिमेन्टले पनि गुणस्तरमा कहिल्यै कम्प्रोमाईज नगर्ने नीतिलाई प्रतिबिम्बित गरिएको छ ।

शिवम्सिमेन्टका प्रतिनिधीका अनुसार, यस क्याम्पेन अन्तर्गत विभिन्न सामाजिक सन्दर्भ र परिस्थितिमा आधारित अरु धेरै भिडियो सामग्रीहरु समेत तयार भइसकेका छन्, जुन क्रमशः सार्वजनिक गरिँदै जाने छन् । यसअघि सञ्चालन गरिएको ऋकउबष्नल को मामलामा ल्य ऋयफउचयकष्कभ' क्याम्पेन अत्यन्तैलोकप्रिय भएको थियो । शिवम् सिमेन्टले केवल उत्पादनको




प्रचारमा मात्र केन्द्रित नभई, सामाजिक सन्देशहरू प्रस्तुत गर्ने शैली अपनाउँदै आएको छ ।

आफ्नो अधिकार, कर्तव्य, अस्तित्व, लक्ष्य तथा सिद्धान्तको मामलामा सम्झौता गर्नु हुदैन भन्ने जनचेतनामुलक सन्देश सहित सार्वजनिक गरिएका यस विज्ञापन दर्शकहरु माझ प्रभावशाली बनेका थिए ।

# हिलटेकले ९ महिनामा गऱ्यो २५ करोडको व्यापार, प्रतिस्पर्धा र मन्दीले दबाब

काठमाडौं- हिलटेक ब्राण्डको पानी ट्यांकी तथा प्लम्बिङ प्रडक्ट उत्पादन गर्ने हिलटेक प्लास्टिक एण्ड पाइप इन्डस्ट्रिजले ९ महिनामा २५ करोड ३० लाख रुपैयाँको कारोबार (अपरिष्कृत) गरेको छ । कम्पनीले सन् २०२४/२५ को नौ महिनामा कम्पनीले उक्त कारोबार गरेको हो ।

गत वर्ष २०२४ मा कम्पनीले ३५ करोड रुपैयाँको व्यापार गरेको थियो । त्यसअघि सन् २०२३ मा ४४ करोड ४० लाख र २०२२ मा ३३ करोड २० लाख रुपैयाँको कारोबार गरेको थियो ।

कम्पनीले एचडीपीइ पाइप, डीडब्लूसी पाइप र पीपीआर पाइपबाट धेरै आम्दानी गर्छ । पछिल्लो समय बढ्दो प्रतिस्पर्धा, आर्थिक मन्दीसँग सरकारी ठेक्कामा कम सहभागी भएकाले कम्पनीको व्यापार सीमित बन्न पुगेको छ ।

कम्पनीले ८० करोड रुपैयाँ बैंकिङ कर्जाका लागि इन्फोमेरिक्सबाट क्रेडिट रेटिङ पाएको छ ।

Hilltake GROUP

# खेलकुद

## जेठ १० मा वान रन हाफ म्याराथन




**काठमाडौं–** जेठ १० गते वान रन अन्तर्राष्ट्रिय हाफ म्याराथनको तयारी पूरा भएको छ। ललितपुरको पाटन दरबारस्थित कृष्ण मन्दिरबाट दौड सुरु हुनेछ। गत वर्ष पनि भएको दौडमा यस वर्ष नेपालसहित विश्वका ११० सहरमा एकै दिन यो हाफ म्याराथन हुन लागेको हो।

हिरो लिगद्वारा हुने दौडमा नेपालले सहभागिता जनाउने थालेको हो। दौड चार इभेन्टमा हुनेछ। २१.१ किमि, १० किमि, ५ किमि र १ किमिमा हुने दौडको रुट ललितपुरको प्रमुख ऐतिहासिक तथा सांस्कृतिक स्थल रहेको छ।

दौडमा बालबालिकादेखि ज्येष्ठ नागरिकसहित सबै उमेरका धावकलाई सहभागी हुने मौका प्रदान गरिने जनाइएको छ। नेपालमा यो दौड एनआरएस स्पोर्ट्र्स फाउन्डेसनले आयोजना गर्न लागेको हो।

## एसियन कराते च्याम्पियनसिपमा ११ खेलाडीले भाग लिने




काठमाडौं- उज्वेकिस्तानको तास्कन्दमा हुने २१औं एकेएफ सिनियर एसियन सिनियर कराते च्याम्पियनसिपमा नेपालका ११ खेलाडीले भाग लिने भएका छन्।

यही जेठ ९ देखि ११ सम्म हुने च्याम्पियनसिपमा अघिल्लो संस्करणकी रजत विजेता एरिका गुरुङसहितका खेलाडीले भाग लिने छन्।

गत वर्ष हाङचाउमा भएको २० औं संस्करणमा एरिकाले रजत जितेकी थिइन्। एसियन च्याम्पियनसिप इतिहासमा नेपालका लागि उनले पहिलो रजत दिलाएकी हुन्। उनी फाइनलमा भियतनामी खेलाडी न्योगन थी गुएनसँग पराजित भएर रजतमै सीमित भएकी हुन्।

भाग लिने अन्य खेलाडीमा सोनिम मानन्धर, साजन मोक्तान, मीनबहादुर तामाङ, सन्तोष श्रेष्ठ, महमद शेखु आलम, तेन्जिङ शेर्पा, सानुमाया थिङ, अञ्जली महर्जन, सविना श्रेष्ठ र निरुपा दोङ तामाङ छन्।

मुख्य प्रशिक्षकमा कुशल श्रेष्ठ, प्रशिक्षकमा मन्डेकाजी श्रेष्ठ र टिम म्यानेजरमा किशोर भट्टराई रहेका छन्। कराते टोलीलाई सोमबार राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले गरेका थिए।

## तीनकुने घटनाका प्रतिवादीको बयान सुरु



काठमाडौं- काठमाडौं जिल्ला अदालतमा सोमबारबाट तीनकुने घटनामा संलग्न प्रतिवादीहरूको बयान सुरु भएको छ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश ध्रुवराज कार्कीको इजलासमा बयान सुरु भएको हो। सोमबार दुर्गा प्रसाईंको बयान सुरु भएको छ। सुरुमा राज्यविरुद्धको कसुरका ५० प्रतिवादीहरूको बयान हुनेछ। बयान सकेपछि थुनछेकसम्बन्धी बहस हुनेछ।

जिल्ला अदालतकै न्यायाधीश पदमराज पाण्डेको इजलासमा सोमबारबाटै भाटभटेनी लुटमा संलग्न ११ जनाको बयान सुरु भएको छ। सरकारी वकिलको कार्यालयले उनीहरूमाथि आपराधिक उपद्रव कसुरमा मुद्दा अभियोजन गरेको छ।

## रास्वपाले भन्यो- सर्वोच्चको पछिल्लो आदेश अपूर्ण र अन्यायपूर्ण




काठमाडौं- सभापति रवि लामिछानेलाई थुनामै राख्ने सर्वोच्च अदालतको पछिल्लो आदेशलाई रास्वपाले विवेकका दृष्टिबाट अपूर्ण र अन्यायपूर्ण रहेको निष्कर्ष निकालेको छ।

पार्टीको पछिल्लो केन्द्रीय समितिको बैठकले यस्तो निष्कर्ष निकालेको कार्यबाहक प्रवक्ता मनीष झाले जानकारी दिए।

'राष्ट्रिय स्वतन्त्र पार्टी सम्मानित सर्वोच्च अदालतले सभापति रवि लामिछाने सम्बन्धी मुद्दामा दिएको पछिल्लो आदेशको कानुनी पालना गर्न बाध्य भएपनि विवेकका दृष्टिले अपूर्ण र अन्यायपूर्ण रहेको मत राख्दछ,' झाले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

यो विषय विधिको शासनप्रति आस्था राख्ने नागरिकका लागि चिन्ताको विषय बनेको पनि रास्वपाले बताएको छ।

'मौलिक अधिकारसँग जोडिएको बन्दी प्रत्यक्षीकरणको निवेदनको सार्थक सम्बोधन नहुनु, 'वेल सुनुवाइ' मा सीमित हुनपर्ने विषय मुद्दाको गुणदोषमै केन्द्रित हुनगई प्रमाण ऐन २०३१ को दफा २५ को प्रतिकुल हुने गरी प्रमाणको भार प्रतिवादीले नै बोक्न पर्ने आशय व्यक्त हुनु एवं सर्वोच्च अदालतबाटै स्थापित नजिरहरुको नजरअन्दाज गरी थुनामै राख्नुपर्ने आदेश दिइनु विधिको शासनप्रति आस्था राख्ने नागरिकहरुका लागि चिन्ताको विषय बनेको छ,' रास्वपाको विज्ञप्तिमा भनिएको छ।

साथै, राज्यले नै सभापति लामिछानेमाथि संगठित अपराध गरिरहेको अभिमत जनतामा गड्दै गएको निष्कर्ष आफ्नो पार्टीले निकालेको झाले बताएका छन्।

'रवि लामिछानेले संगठित अपराध गरेको नभई राज्यले नै लामिछानेमाथि संगठित अपराध गरिरहेको अभिमत आम जनतामा गड्दै गएको निष्कर्ष पार्टीको छ,' रास्वपाले भनेको छ।

## १५ जेठको प्रदर्शनले तनावमा लोकसेवाका ५ हजार परीक्षार्थी




काठमाडौं- आगामी जेठ १५ गते (बिहीबार) काठमाडौंमा राजतन्त्र पुनर्स्थापना र सनातन हिन्दू राज्यसहितको माग राखेर प्रदर्शन हुँदैछ।

राजसंस्था पुनर्स्थापनाका लागि गठित जनआन्दोलन समितिको नेतृत्वमा हुन लागेको प्रदर्शनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राप्रपा नेपालको पनि साथ छ।

सोही दिन सत्तारुढ दल नेकपा एमालेले गणतन्त्र दिवसको उत्सव मनाउँदैछ। एमाले बैठकले नै सांस्कृतिक झांकीसहित सो दिन काठमाडौंमा उत्सव मनाउने निर्णय लिएको थियो।

यही बेला प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्ना कार्यकर्तालाई दिन काठमाडौं एमालेको नियन्त्रणमा राख्न निर्देशन दिइसकेका छन्। प्रधानमन्त्रीले दिएको उक्त निर्देशनसँगै एमालेले उत्सवको तयारी तीव्र बनाएको छ।

सोही दिन काठमाडौंका २५ वटा केन्द्रमा लोकसेवा आयोगले विद्युत् प्राधिकरणका प्राविधिक पदहरूको परीक्षा लिँदैछ।

उक्त परीक्षामा ४ हजार ९ सय विद्यार्थी सहभागी हुँदैछन्।

प्रदर्शनका यस्ता खबरहरू सार्वजनिक भइरहँदा परीक्षार्थीहरू सो दिनको परीक्षा के हुने भनेर चिन्तामा छन्।

अनलाइनखबरसँग एक विद्यार्थीले गुनासो गर्दै भने, 'हामी बसेको ठाउँबाट परीक्षा केन्द्र धेरै टाढा छ। जताततै प्रदर्शन हुने खबरहरू छन्। हामी परीक्षा दिने ठाउँमा कसरी पुग्ने भन्ने चिन्तामा छौं।'

ती विद्यार्थीका अनुसार, केन्द्र वरपर प्रदर्शन हुन सक्ने भएकाले परीक्षामा पनि असर पर्नेतर्फ राज्यले ध्यान दिनुपर्नेछ।

केन्द्रसम्म आवतजावत गर्नका लागि सवारी साधनको आवागमनबारे पनि परीक्षार्थी चिन्तित छन्।

परीक्षार्थीहरूको चिन्ताबारे आफूहरू जानकार रहेको लोकसेवा आयोगका एक पदाधिकारी बताउँछन्। उनका अनुसार, सो दिनको परीक्षामा सहजताका लागि के गर्ने भन्नेबारे छलफल भइरहेको छ।

'हामी परीक्षार्थीको चासो र चिन्ताबारे जानकार छौं,' आयोग स्रोतले भन्यो, 'के गर्ने भनेर छलफल गरिरहेका छौं।'

उता, काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता एवं एसएसपी शेखर खनालले विद्यार्थीहरूलाई परीक्षास्थलमा सकेसम्म चाँडो पुग्न आग्रह गरेका छन्।

परीक्षा केन्द्रमा सुरक्षा व्यवस्था चुस्त हुने भएपनि ट्राफिक जाम लगायतका समस्या हुनसक्ने बताउँदै उनले जतिसक्दो चाँडो केन्द्रमा पुग्न विद्यार्थीलाई आग्रह गरेका हुन्।

'केन्द्रमा सुरक्षा व्यवस्था बलियो हुन्छ। कुनै समस्या हुँदैन। त्यो दिन नारा जुलुस हुने भएकाले मुख्य समस्या बाटोमा हुने हो,' एसएसपी खनालले भने, 'परीक्षार्थीहरू जतिसक्दो चाँडो विद्यार्थी परीक्षा केन्द्रमा पुग्नेगरी सोच्न आग्रह गर्न चाहन्छौं।'

प्रकाशित तालिकाका अनुसार, दिउँसो २ बजेबाट परीक्षा सुरु हुने छ।

## रामबहादुर बम्जन पुर्पक्षका लागि कारागार चलान



सर्लाही- विवादित धर्मगुरु रामबहादुर बम्जन भनिने रामलाल बम्जनलाई सम्पत्ति शुद्धीकरण मुद्दामा सर्लाही जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको छ।

'लिटिल बुद्ध' का नामले समेत चर्चित बम्जनलाई न्यायाधीश जीवनकुमार भण्डारीको इजलासले सोमबार थुनामा राख्ने आदेश गरेको हो। आदेशसँगै उनलाई मलंगवा कारागार चलान गरिएको छ।

सम्पति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) कसुरमा बम्जनमाथि ५ फागुन २०८१ मा सर्लाही जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो। मुद्दा सुनवाइका क्रममा बम्जन जिल्ला अदालत आउँदा ठूलो संख्यामा उनका समर्थक तथा अनुयायीहरू अदालत अगाडि जम्मा भएका थिए।

यसअघि पनि सर्लाही जिल्ला अदालतले बम्जनलाई एक नाबालिका अनुयायी 'आनी' माथि यौन दुराचार गरेको आरोपमा सजाय सुनाएको थियो। बम्जनलाई जिल्ला अदालतले १० असार २०८१ मा १० वर्ष कैद र पाँच लाख रुपैयाँ क्षतिपूर्तिको सजाय सुनाएको थियो।

त्यसविरूद्ध उनले उच्च अदालत जनकपुरमा पुनरावेदन निवेदन दिएका थिए। उच्च अदालत जनकपुरले जिल्ला अदालतको फैसला उल्ट्याउँदै बम्जनलाई गत चैत ६ गते सफाइ दिएको थियो। उच्च अदालत जनकपुरबाट सफाइ पाएसँगै बम्जन जेलमुक्त भएका थिए। तर, सोमबार सम्पत्ति शुद्धीकरण मुद्दामा उनी जेल चलान भएका हुन्।

## पदाधिकारी बैठकमा गगनले भने : क्रियाशील सदस्यता टुंग्याउन सहयोग गर्नुस्



काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री गगन थापाले क्रियाशील सदस्यता नवीकरण असार मसान्तसम्म सक्नका लागि पार्टीका सबै नेताले सहयोग गर्नुपर्ने बताएका छन्।

सभापति शेरबहादुर देउवा निवासमा सोमबार बिहान बसेको बैठकमा थापाले क्रियाशील सदस्यता नवीकरणमा अहिलेसम्म भएका कार्य र समस्या रहेका स्थानबारे जानकारी गराएका थिए।

'क्रियाशील सदस्यता नवीकरणको काम असार मसान्तभित्र सम्पन्न गर्न सकिन्छ। तर, यसमा चाहिँ मलाई पार्टीका सबै नेताहरूको मद्दत चाहियो,' बैठकमा थापाले भने।

थापा कांग्रेसले गठन गरेको सदस्यता व्यवस्थापन समितिको संयोजक समेत हुन्। केही जिल्लाले काम टुंग्याएको र कतिपयले बुझाउने अन्तिम चरणमा रहेको पार्टी बैठकमा जानकारी गराएका थिए।

क्रियाशील सदस्यता नवीकरणका लागि ९ जिल्लामा समस्या रहेको उनले सुनाएका थिए। बारा, पर्सा, सिरहा, सप्तरी, सर्लाही खोटाङ, रामेछाप लगायतका जिल्लामा क्रियाशील सदस्यता नवीकरणमा विवाद रहेको छ।

विवाद रहेका जिल्लाका नेताहरूलाई केन्द्रमा बोलाएर सभापति देउवासँगै राखेर छलफल गर्ने निर्णय पदाधिकारी बैठकले गरेको छ।

पार्टीभित्रका समूह-समूहको इगोका कारणले विवाद भएको कांग्रेस नेताहरूले जानकारी गराएका छन्।

'९ जिल्लामा सभापतिकै उपस्थितिमा बसेर छलफल गर्ने भन्ने कुरा भयो। नवीकरणको काम सकेपछि नयाँ वितरणको काम सुरु गर्ने कुरा भएको छ,' महामन्त्री थापाले भने।

अनुशासनको कारबाही सिफारिस भएको तर निर्णय हुन नसक्दा समेत क्रियाशील सदस्यता नवीकरणमा विवाद देखिएको छ। अनुशासन समितिले निर्णय नगर्दा समेत नवीकरण हुन अवरोध भएको महामन्त्री थापाले बैठकमा सुनाएका थिए।

क्रियाशील सदस्यता नवीकरणमा हस्ताक्षर गर्ने कतिपय व्यक्तिहरू नै अनुशासनको कारबाही सिफारिसमा पर्दा समस्या उत्पन्न भएको जानकारी गराइएको छ।

'कतिपय स्थानबाट क्रियाशीलमा प्रमाणित गर्ने मान्छेलाई समेत पनि अनुशासनको कारबाहीको सिफारिस छ। सिफारिस भएता पनि अन्तिम टुंगो नलाग्ने बेलासम्म कसैलाई पनि कारबाही गरेको मानिन्न। त्यसले गर्दा पनि केही ठाउँमा समस्या देखिएको छ,' थापाले भने।

अनुशासन समितिसँग छिट्टै बैठक गरेर यो विषयमा टुंगो लगाउने थापाले जानकारी गराए।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३९, २०८२ साल जेठ १३ गते मंगलबार (JUN 27, 2025)

# अब्बल बन्दै कान्दाका चेपाङ बालबालिका



भरतपुर- चेपाङ समुदायका बालबालिकाले पछिल्लो समय उत्कृष्ट नतिजा हाँसिल गर्न थालेका छन् ।

चेपाङ बालबालिका मात्रै अध्ययनरत चितवनको राप्ती नगरपालिका-१३ स्थित कान्देश्वरी आधारभूत विद्यालयले यस वर्षको कक्षा ८ को परीक्षामा पालिकाको उत्कृष्ट विद्यालय बनेको छ ।

कक्षा ८ मा अध्यापन सुरु गरेको पहिलो वर्षमा नै विद्यालय उत्कृष्ट बनेको हो । यहाँ आवासीय सुविधासहितको विद्यालय स्थापना भएपछि चेपाङ समुदायका बालबालिका पढाइमा अब्बल बन्दै गएको विद्यालयका प्रधानाध्यापक बालकृष्ण थपलियाले बताए ।

शिक्षक, विद्यार्थी, अभिभावक र विभिन्न सङ्घसंस्थाको सहयोगमा विद्यालय उत्कृष्ट बनेको उहाँले बताउनुभयो । उहाँका अनुसार यस वर्ष १३ जना विद्यार्थीले कक्षा ८ को परीक्षा दिएका थिए । त्यसमध्ये एक जनाले प्लस, सात जनाले ए र दुई जनाले बि प्लस ल्याएका छन् । 'पहिलो वर्षमा नै यसरी उत्कृष्ट नतिजा ल्याउँदा निकै खुसी छौं', उनले भने, 'शिक्षक र विद्यार्थीको अथक मेहनतले यहाँसम्म आइपुगेका हौं ।'

चेपाङ बालबालिका मात्र अध्ययनरत यस विद्यालयको नतिजाले सबैलाई उत्साहित बनाएको उनले बताए । यस विद्यालयमा लक्ष्मी प्रतिष्ठानले आवासीय सुविधासहित छात्रावास सञ्चालन गरेपछि चेपाङ बालबालिकाको शिक्षामा सुधार आएको हो । 'यहाँ बिहान ४ बजेदेखि र ाति ९ बजेसम्म नै विद्यार्थीलाई अध्यापन गराइन्छ', उनले भने, 'शिक्षकहरु पनि आवासीय रुपमै बसिरहनुभएको छ ।'

राप्ती नगरपालिकामा २७ वटा सामुदायिक विद्यालय रहेका छन् । त्यसमध्ये कान्देश्वरी आधारभूत विद्यालयसहित तीनवटा स्कुलले कक्षा ८ को परीक्षामा सतप्रतिशत नतिजा हासिल गरेको नगरपालिकाको शिक्षा शाखाकी प्राविधिक सहायक लक्ष्मी लामिछानेले जानकारी दिइन् ।

यस नतिजालाई नगरपालिकाले समेत सकारात्मक रुपमा लिएको उनले बताइन् । लामिछानेले बजार क्षेत्रका विद्यालयसँगै विकटमा रहेको विद्यालयले पनि प्रतिस्पर्धा गर्न सक्छन् भन्ने उदाहरण कान्दाको विद्यालय बनेको बताउँछिन् ।

कान्दा चितवनको सबैभन्दा विकट ठाउँका रुपमा चिनिन्छ । सवारीसाधन र बिजुली समेत नपुगेको यस ठाउँ शिक्षाको क्षेत्रमा रुपान्तरण हुँदै गइरहेको स्थानीय सीताबहादुर चेपाङले बताए । उनले पछिल्लो समय बालबालिकामा पढाइप्रति लगाव बढेको भन्दै हरेक अभिभावकमा आफ्ना छोराछोरी स्कुल पठाउनुपर्छ भन्ने धारणाको विकास भएको बताए ।

यहाँ पुग्न अझै पनि दुई/तीन घण्टा हिँड्नुपने बाध्यता छ । यहाँका विद्यार्थी कक्षा ८ उत्तीर्ण भएपछि अन्य ठाउँमा जानुपर्ने बाध्यता छ । गरिबीका कारण यहाँका बालबालिकाले बीचमै पढाइ छाड्ने गर्दछन । पछिल्लो समय ८ कक्षा उत्तीर्ण बालबालिकालाई लक्ष्मी प्रतिष्ठानले काभ्रेमा सञ्चालन गरेको छात्रावासमा कक्षा १२ सम्म पढाउन लैजाने गरेको प्रधानाध्यापक थपलियाले बताए ।

यहाँ २०७२ साल अगाडि कक्षा ३ सम्म मात्रै अध्यापन हुने गरेको थियो । विसं २०६७ मा एकै घरका आठ जनाले विषालु च्याउ खाएर ज्यान गुमाएपछि यहाँ विभिन्न सङ्घसंस्था र राज्यको ध्यान केन्द्रित हुन थाल्यो ।

लक्ष्मी प्रतिष्ठान र मितेरी फाउण्डेशनले गरिबी र अभाव देखेर चेपाङ समुदायको उत्थान र बालबालिकाको शिक्षाका लागि काम गर्न थाले । स्कुलमा लक्ष्मी प्रतिष्ठानले छात्रावास सञ्चालन गरिदिएको छ भने फाउण्डेशनले दुई शिक्षकको व्यवस्था गरिदिएपछि कक्षा ८ सम्मको पढाइ सम्भव भएको हो । त्यसभन्दा अघि यहाँका अधिकांश बालबालिकाले कक्षा ३ पढेपछि बीचमै पढाइ छाड्ने गरे को विद्यालयका प्रअ थपलियाले बताए । 'अहिले पनि अभिभावकको पढाउने क्षमता छैन, विभिन्न सङ्घसंस्थाले सहयोग नगरेमा यहाँका बालबालिका पढ्नबाट वञ्चित हुनेछन्', उनले भने ।

विभिन्न दाताको सहयोगमा कक्षा ८ सम्मको पढाइ गरे पनि दरबन्दी अभावका कारण कक्षा सञ्चालन गर्न समस्या आएको थपलियाले बताए । उनका अनुसार निम्न माध्यमिक विद्यालयमा १० जना शिक्षकको दरबन्दी आवश्यक पर्छ । अहिले सातजना शिक्षकको दरबन्दी रहे को उनले बताए । विद्यालयमा शौचालय, पुस्तकालयको अभाव रहेको भन्दै उनले राज्यले विकटको विद्यालयमा ध्यान दिनुपर्ने बताए ।

पचास जना विद्यार्थी पनि नहुने यस विद्यालयमा अहिले १५० जना अध्ययनरत छन । विद्यार्थीको सङ्ख्या बढ्दै गएपछि स्रोतसाधनको आवश्यकता समेत बढेको उनले बताए ।

अन्तराष्ट्रिय

# रूसले युक्रेनमा हवाइ आक्रमण गरेपछि ट्रम्प आक्रोसित



काठमाडौं- रुसले युक्रेनमाथि हवाइ आक्रमण सुरु गरेकोमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आक्रोस व्यक्त गरेका छन् । ट्रम्प सोमबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनप्रति आक्रामक देखिएका छन् । उनले मस्कोमाथि नयाँ प्रतिबन्ध लगाउने विषयमा विचार गरिरहेको समेत बताएका छन् ।

ट्रम्पले सामाजिक संजाल ट्रुथ सोसलमार्फत् 'जब युक्रेनी नागरिकहरू लगातार तेस्रो रात रूसी हवाइ आक्रमणका कारण निद्राबाट ब्युँझिए, तब उनीहरूले घण्टौँसम्म ड्रोनको गुन्जन र युक्रेनी वायु प्रतिरक्षा प्रणालीको बिष्फोटको आवाज सुने' भनेर लेखेका छन् ।

रोयटर्सले युक्रेनी वायु सेनाले रूसी सेनाले रातभरि ३५५ वटा ड्रोन र ९ वटा क्रुज मिसाइल प्रक्षेपण गरेको उल्लेख गरेको गर्दै यो युद्धको क्रममा हालसम्मकै सबैभन्दा ठूलो ड्रोन आक्रमण भएको वायु सेना प्रवक्ताले बताएको उल्लेख गरेको छ । ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनको एक टुक्रा होइन, सिंगो युक्रेन नै चाहिएको भन्दै लेखेका छन्, 'यदी उनले त्यस्तो गरेभने उनी अधोगतीतर्फ जानेछन् ।' ट्रम्पले युक्रेनी राष्ट्रपतिबारे पनि टिप्पणी गरेका छन् । उनले लेखेका छन, 'उनी आफ्नै शैलीले देशको कुनै भलाइ गरिरहेका छैनन् । उनी जे बोल्छन् त्यसले समस्या निम्त्याइराखेको छ । मलाइ त्यो मन पर्दैन । यस्तो रोकिनुपर्छ ।' तेस्रो पटकको रूसी हवाई आक्रमणबाट पाँच स्थानलाइ टार्गेट गरिएको युक्रेनी सेनाले जनाएपनि सैन्य संरचनामा क्षतिको विवरण आइसकेको छैन् । युक्रेनी सरकारी अधिकारीहरुलाइ उदृत गर्दै पश्चिमी युक्रेनमा आवासीय भवनहरू र औद्योगिक संरचनाहरूमा क्षति पुगेको उल्लेख गरेको छ ।

# नेपाल बोटल वाटर उद्योग संघ गण्डकी प्रदेशको प्रारम्भिक भेला सम्पन्न



काठमाडौं- गोरखा,लमजुङ ,स्याङ्जा ,कास्की ,तनहुँ ,मनाङ ,मुस्ताङ ,म्याग्दी ,पर्वत ,बागलुङ ,नवलपरासी (ब.सु.पु)मा रहेका प्रशोधित पानी उद्योग तथा प्याकेजिङ उद्योगका प्रतोनिधी हरु को सहभागितामा साईमन पार्टी प्यालेस,सृजना चोक कास्की पोखरामा नेपाल बोटल वाटर उद्योग संघ गण्डकी प्रदेशको प्रारम्भिक भेला सम्पन्न भएको छ ।

नेपाल बोटल वाटर उद्योग संघका केन्द्रिय अध्यक्ष ध्रुव गौतम को प्रमुख आतिथ्यता तथा कमला अधिकारी ,केशव घिमिरे ,मिना दाहाल तथा रुपचन्द्र थापाको बिशेष आतिथ्यतामा सम्पन्न भेलाको अध्यक्षता नवलपुर का ब्यवसायी सोम प्रसाद काप्री ले गर्नु भएको थियो ।

भेलाले गण्डकी प्रदेश बोटल वाटर उधोग सघ तदर्थ कार्यसमिति गठन गरि आफ्नो प्रशासनिक कार्यलाई अगाडी बढाएको छ ।

तदर्थ समितिमा

अध्यक्ष सोम प्रसाद काप्री (नबलपुर), बरिस्ठ उपाध्यक्ष प्रेम क्षेत्री (कास्की), उपाध्यक्ष चन्द्रा पौडेल क्षेत्री (पर्बत), महासचिव कबिन्द्र कोइराला (कास्की), सचिब सुरेन्द्र कुमार श्रेष्ठ (तनहुँ), कोषाध्यक्ष मिना दाहाल (नबलपुर), सहकोषाध्यक्ष निल बहादुर घताने (गोर्खा), सदस्य खुशिमान गुरुङ (लमजुङ), सदस्य खिम बहादुर थापा (स्याङ्जा), सदस्य के पि खनाल (स्याङ्जा), सदस्य रबिन्द्र मोहन अधिकारी (कास्की), सदस्य अमृत तिवारी (कास्की), सदस्य राजु भट्ट (नवलपुर), सदस्य भरत गौचन (मुस्ताङ), सदस्य ध्रुब के सी (बाग्लुङ) रहनु भएको छ ।

आम उपभोक्ता लाई स्वच्छ पिउनेपानीको ब्यवस्था गर्दै ब्यवसायीहरुको हक हितको लागि यो संघ गठन भएको ले नेपाल सरकारको कानुन तथा नीति नियम भित्र रहि स्वच्छ प्रतिस्पर्धा सहित ब्यवसाय संचालन गर्न आम ब्यबसायी हरुलाई प्रमुख अतिथि ध्रुव गौतमले आग्रह गर्नु भयो ।

# चित्रकलाबाट मुन्दुम पदमार्गको प्रवर्द्धन



काठमाडौं- सरकारले घुम्नुपर्ने १०० पर्यटकीय गन्तव्य घोषणा गरेको मुन्दुम पदमार्गका विशेषतालाई चित्रकारहरुले तस्बिरमा उतारेका छन् ।

पदमार्गको प्रवर्द्धनका लागि आयोजना गरिएको 'क्यानभास'मा टेम्केमैयुङ 'राष्ट्रिय चित्रकला कार्याशाला'मार्फत चित्रकारले यसका विशेषतालाई चित्रमा उतारेका हुन् ।

पर्यटकीयस्थल चखेवामा आयोजना गरिएको कार्याशालामा २० जना राष्ट्रिय कलाकारले पदमार्गमा देखिने रेडपाण्डा (हाब्रे), किरात संस्कृतिसँग जोडिएको तायामा खियामा, चिण्डो (वाबुक)स्थानीयको वेशभुषालाई चित्रमा समेटेका छन् ।

चित्रकलाको माध्यमबाट मुन्दुम पदमार्गको विकास, प्रवर्द्धन तथा प्रचारप्रसार गर्ने लक्ष्यको क्यानभासमा टेम्केमैयुङ राष्ट्रिय चित्रकला कार्यशालाको आयोजना गरिएको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले जानकारी दिए । मुन्दुम पदमार्गलाई योग, ध्यान केन्द्रको रुपमा स्थापित गराउने लक्ष्य रहेको उनले बताए ।

तीनदिने कार्यशालामा बनाइएका चित्रलाई काठमाडौँमा प्रदर्शनी गरिने उनले बताए । कार्यशालाको बुधबार नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छालीको प्रमुख आतिथ्यमा समापन गरिएको हो । कार्यशालाका माध्यमबाट मुन्दुम पदमार्गको प्रचारप्रसारसँगै कला र सांस्कृतिको संरक्षणमा टेवा पुग्ने बताए ।

# हुम्लाको अदानचुली गाउँपालिकालाई सूचना प्रविधि सामग्री सहयोग



हुम्ला- चीनले हुम्लाको अदानचुली गाउँपालिकालाई सूचना प्रविधि सम्बन्धी सामग्री सहयोग गरेको छ ।

पूराङ काउन्टी च्याल डिकोरेसन कम्पनीले अदानचुली गाउँपालिकालाई उक्त सामग्री सहयोग गरेको गाउँपालिका अध्यक्ष मोहनबिकम सिंहले जानकारी दिए ।

आइतबार गाउँपालिका अध्यक्ष मोहनबिकम सिंहसहितको टोली हुम्लाको हिल्सा नाका पुगेर ९० लाख मूल्य बराबरको उक्त सहयोग सामग्री बुझेका हुन् ।

अध्यक्ष सिंहका अनुसार सहयोग सामग्रीहरूमा कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर लगायत सामग्री रहेका छन् ।

# जातीय भेदभाव मुद्दामा फरार पत्रकार पक्राउ

काठमाडौं- सामाजिक सञ्जाल फेसबुकमा जातीय अपमान हुने शब्द प्रयोग गर्दै स्टाटस लेखेको अभियोगमा मुद्दा दायर भई फरार रहेका एक पत्रकार पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा दैलेख जिल्ला आठबीस नगरपालिका-६ स्थायी घर भई हाल सुर्खेतको भेरीनगरपालिका-७ मा बसोबास गर्दै आएका ३९ वर्षीय शेरबहादुर थापा रहेका छन् । उनले फेसबुकमा लेखिएको स्टाटसमार्फत जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसुर गरेको आरोपमा मुद्दा दर्ता भएको थियो ।

थापालाई सुर्खेत जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले खोजतलासका क्रममा भेरीनगरपालिका-१० स्थित क्षेत्रबाट आइतबार बिहान १०:१५ बजे पक्राउ गरेको हो ।


उनी पहिलो प्रेस डटकम अनलाइन समाचार पोर्टलका सञ्चालक समेत हुन् । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान अगाडि बढाएको जनाएको छ ।

# कार्यकर्ताले नेताको झोला बोकेर मात्रै कुद्न हुँदैन : शेखर कोइराला

फिदिम- सत्तारुढ दल नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पार्टीका कार्यकर्ताले नेताको झोला मात्रै बोकेर नहुने बताएका छन् ।

पाँचथरको फालेलुङमा आयोजित आम सभा तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै कोइरालाले यस्तो बताएका हुन् ।

'नेपाली कांग्रेसका कार्यकर्ताहरूले नेताको झोला बोक्ने र उनीहरूको पछि कुदेर मात्रै हुँदैन,' कोइरालाले भने, 'कार्यकर्ताहरू स्वाभिमानी बन्नुपर्छ । आफूलाई आफैंले सक्षम नेतृत्वको रुपमा स्थापित गर्नुपर्छ । नेता खुसी पार्न हैन



जनतालाई खुसी बनाउने काम कार्यकर्ताले गर्नुपर्छ ।'

साथै, उनले प्रधानमन्त्री केपी शर्मा ओलीले जथाभावि बोल्दै हिँडेको आरोप पनि लगाए ।

# “दासी” टेलि-सिरियलले मच्चायो तहल्का

## संगीत सागरको निर्देशनमा भव्य निर्माण



काठमाडौं- चर्चित म्युजिक भिडियो निर्देशक संगीत सागर बुर्जाको निर्देशनमा निर्माण भइरहेको नयाँ टेलिसिरियल ‘दासी’ ले दर्शकहरूमा निकै उत्सुकता जगाएको छ। हाल सिरियलको छायांकनको काम सुरु भइसकेको छ र केही भागहरू छायांकनसमेत सम्पन्न भइसकेका छन्। नयाँ र पुराना कलाकारहरूको समिश्रणमा निर्माण भइरहेको उक्त टेलिसिरियल छोटो समयमै नेपाली दर्शकमाझ लोकप्रिय हुने सम्भावना देखिएको छ।

‘दासी’ सिरियल सामाजिक यथार्थमा आधारित छ, जसले समाजको एक संवेदनशील पक्ष किशोरीको कथालाई प्रस्तुत गर्दछ । सिरियलले विशेषगरी नारीको कथालाई संघर्ष, पीडा र सामाजिक व्यवहारलाई गहिरो ढंगले चित्रण गर्ने उद्देश्य राखेको छ । यस्तै विषयवस्तु र दमदार प्रस्तुतिका कारण ‘दासी’ ले दर्शकको मन जित्ने धेरै सम्भावना बोकेको देखिन्छ ।

सिरियलको निर्माण र निर्देशन स्वयं संगीत सागर बुर्जाले गरेका छन् । उनले यसअघि थुप्रै चर्चित म्युजिक भिडियोहरू निर्देशन गरेर आफ्नो नाम स्थापित गरिसकेका छन् । ‘दासी’ सिरियलमा आफ्नो प्रस्तुति विस्तार गर्दैछन् ।

दासी सिरियलमा नयाँ अनुहारसँगै अनुभवी कलाकारहरूको सम्मिश्रण गरिएको छ । दासी सिरियलमा कृतिका जोशी डेब्यु गर्दैछिन् भने अन्य प्रमुख कलाकारहरूमा मञ्जु श्रेष्ठ, लक्ष्मीनाथ तिमल्सिना, श्रेया दुलाल, प्रयास विश्वकर्मा, बिरेन्द्र राना, स्वच्छ्या कठायत, तुलसा राई, विमला भुजेल, बिना पौडेल, संगीत सागर बुर्जा र विक्रम तामाङ रहेका छन् ।

कथा लेखनमा राजु कटेलको विशेष योगदान रहेको छ भने शब्द तथा संगीत ख्यातिप्राप्त संगीतकार बाबुल गिरीले तयार गरेका छन् । सिरियलको छायांकन र सम्पादनको जिम्मेवारी अनुभवी विश्वास भण्डारीले सम्हालिरहेका छन् ।

‘दासी’ सिरियल (म्बकष इाष्अष्बी’युट् युब च्यानलमार्फत चाँडै सार्वजनिक हुने तयारीमा छ । सामाजिक यथार्थ, गहिरो भावनात्मक पक्ष, सशक्त अभिनय र उत्कृष्ट निर्माण पक्षका कारण यो टेलिसिरियल नेपाली मनोरञ्जन क्षेत्रमा महत्वपूर्ण बनाउने विश्वास गरिएको छ ।




# मोतिराज खनालको आवाजमा ‘सुपा देउराली’ देवीको भजन गीत सार्वजनिक



काठमाडौं- अर्घाखाँची जिल्लास्थित प्रसिद्ध धार्मिक स्थल सुपा देउराली मन्दिरको महिमा समेटिएको भजन “जय जय भगवती सुपा देउरालीकी माई” सार्वजनिक भएको छ ।

भजनमा लोकसंगीत क्षेत्रमा लामो समयदेखि सक्रिय बहुप्रतिभाशाली कलाकार मोतिराज खनालको नेतृत्व, स्वर, संगीत र अभिनय रहेको छ ।

संगीत, शब्द, अभिनय तथा निर्देशनको समन्वयमा तयार पारिएको यस भजनले धार्मिक आस्थासँगै पर्यटकीय प्रवर्द्धनमा योगदान दिने अपेक्षा गरिएको छ। भजनका शब्द मोतिराज खनाल र शेषनारायण पोखरेलको रहेको छ भने संगीत संयोजन खनाल स्वयं र धर्मेन्द्र अर्यालले गरेका छन् ।

भजनमा मोतिराज खनालसँगै शेषनारायण पोखरेल, धर्मेन्द्र अर्याल, पुनम बस्याल र मञ्जु गुरुङको स्वर सुन्न सकिन्छ । यस भजनलाई निर्देशन चर्चित भिडियो निर्देशक सुरज खनालले गरेका छन् भने कोरियोग्राफी शिवजी क्षेत्रीको रहेको छ ।

भिडियोमा चर्चित कलाकार सुरबिर पण्डित (दारी बा), शर्मिला शर्मा, र अनिसा खड्काको दमदार अभिनय प्रस्तुत गरिएको छ । साथमा छबिलाल सुवेदी, नारायण लेकाली, नन्दराज रेग्मी, लेखान्त भुषाल, सुमन खनाल, गान्दिभ सुवेदी, घनश्याम खनाल, चन्द्रकला खनाल, गिरी खनाल, चोपलाल खनाल ,रामप्रसाद खनाल, शान्ता खनाल लगायत दर्जनौं कलाकारको अभिनय रहेको छ ।

भजनको छायांकन विशाल परियार, शृङ्गार जीवन पासा भिडियोको सम्पादन बिनोद बम, एरेन्ज विश्वास नेपाल, रेकर्डिङ सागर बाजुराली तथा मिक्सिङ खडक बाजुरालिले गरेका छन् । अडियो निर्माण कार्य मालाश्री स्टुडियोमा सम्पन्न गरिएको हो ।

सुपा देउराली मन्दिर हिन्दु धर्मालम्बीहरूका लागि अत्यन्तै पवित्र स्थल हो । यहाँ भाकल गर्दा मनोकामना पूरा हुने जनविश्वास रहिआएको छ । देश तथा विदेशमा चर्चित यस मन्दिरको पहिलो आधिकारिक भजनका रूपमा यो एल्बम सार्वजनिक भएको जनाइएको छ ।

निर्माताहरूका अनुसार, भजनले धार्मिक चेतना फैलाउने मात्र नभई सांस्कृतिक जागरण र पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने विश्वास लिइएको छ । गीतको लय, शब्द, स्वर र दृश्य संयोजनले दर्शक-श्रोताको मन जित्ने अपेक्षा गरिएको छ ।

# हार्मोनियममा विश्व कीर्तिमान बनाउने : विमल साह




काठमाडौं- सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका-१३, श्रीनगर निवासी विमल साहले हार्मोनियममा विश्व कीर्तिमान बनाएसँगै अहिले उनी चर्चाको शिखरमा छन् ।

वर्ल्ड बुक अफ रेकड्र्स, लन्डनले उनलाई संसारकै पहिलो डिजिटल ट्युनिङ विशेषज्ञको रूपमा सम्मान गरेपछि उनको चर्चा देश-विदेशमा फैलिएको छ । यस विशिष्ट उपलब्धिपछि उनलाई बधाई तथा सम्मान दिनेहरूको ओइरो नै लागेको छ ।

विमल साहको जीवन यात्रा साधारणदेखि असाधारणसम्मको प्रेरणादायी कथा हो । वि.सं.२०४६ सालमा सत्यनारायण साह र राधिकादेवी साहका सुपुत्रको रूपमा जन्मिएका विमलले प्रारम्भिक जीवन सर्लाहीकै श्रीनगरमा बिताए । तर, आर्थिक तथा व्यावसायिक भविष्यको खोजीमा उनी २०७२ सालतिर काठमाडौं आइपुगे । त्यतिबेला उनी पशुपति क्षेत्र नजिकै हार्मोनियम मर्मत गर्ने काम गर्थे । हार्मोनियम सफा गर्ने, पेच कस्ने काम गर्दै आएका साहले त्यो साधारण पेशालाई जीवनको ध्येय बनाएर अगाडि बढे ।

कसैले सोचेका थिएनन् कि यही साधारण कामबाट विमलले एक दिन डाक्टरको उपाधि पाउनेछन्, त्यो पनि डिजिटल ट्युनिङको क्षेत्रमा । आफ्नै लगनशीलता, इमानदारी र निरन्तर अभ्यासको कारण उनले आज हार्मोनियम ट्युनिङको क्षेत्रमा विश्व स्तरको पहिचान बनाएका छन् ।

उनी नेपालका मात्र नभई भारत, चीन, मलेसिया, अस्ट्रेलिया जस्ता देशहरूमा पनि हार्मोनियम मर्मत तथा ट्युनिङ सम्बन्धी कार्यका लागि भ्रमण गरिसकेका छन् । हार्मोनियमको दुनियाँमा यस्तो योगदान दिने उनी संसारकै पहिलो व्यक्ति हुन् जसलाई वर्ल्ड बुक अफ रेकड्र्सले डिजिटल ट्युनिङको क्षेत्रमा डाक्टरको उपाधिसहित सम्मानित गरेको हो ।

उनको यो सफलता देखेर नेपालका विभिन्न विशिष्ट व्यक्तित्वहरूले उनलाई बधाई दिइसकेका छन् । जसमा आजपा अध्यक्ष प्रभु साह, राष्ट्रिय मुक्ति क्रान्तिका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत लगायत रहेका छन् । यति धेरै सम्मानको आग्रह आए पनि साह हाल व्यस्तताको कारण सबै कार्यक्रममा सहभागी हुन सकिरहेका छैनन् । गाउँ फर्कने ठूलो इच्छा छ तर समयको अभाव छ, भन्दै उनले गाउँवासीलाई छिट्टै भेट्ने वाचा गरेका छन् ।

संगीत क्षेत्रमा विमल साह अहिले कलाकारहरूको पहिलो रोजाइ बनेका छन् । नेपालका चर्चित गायकगायिका – शम्भुजीत बाँस्कोटा, दीप श्रेष्ठ, कुन्ती मोक्तान, रामकृष्ण ढकाल, अन्जु पन्त, राजेशपायल राई, प्रमोद खरेललगायत – सबैले विमलबाट हार्मोनियम ट्युनिङ गराइसकेका छन् । त्यस्तै, भारतीय संगीतकार तथा गायक उदित नारायण, कुमार सानु, सोनु निगम, अनु मलिकजस्ता कलाकारहरू समेत विमलको प्रशंसा गर्दै आएको देखिन्छ ।

विमलसँग अहिले आफ्नो नै विमलू ब्रान्डको हार्मोनियम निर्माण हुँदै आएको छ । उनको पसलमा हार्मोनियम बनाउन कम्तिमा एक महिना कुर्नुपर्ने स्थिति छ । हार्मोनियम सुनेर सुर र बेसुर छुट्याउने, ट्युनिङ मिलाउने, मर्मत गर्ने उनको दक्षता आज सम्पूर्ण नेपाली संगीत क्षेत्रका लागि अमूल्य बनेको छ ।

२०७३ सालमा उनले जम्मा ३० हजार लगानीमा ‘पशुपतिनाथ हार्मोनियम पसल’ सुरु गरेका थिए । आज त्यो पसल एउटा प्रतिष्ठित ब्रान्डमा रूपान्तरण भएको छ । संगीतप्रेमी, विद्यार्थी, तथा गायकहरू सबैका लागि उनी विश्वासिलो नाम बनेका छन् ।

उनले सफलताको मूल मन्त्र भने यसरी दिएका छन् - “इमानदार भएर काम गर्नुस्, मेहनत गर्नुस् र मानिसहरूलाई माया र विश्वास दिनुस् – सफलता एक दिन अवश्य आउँछ ।”

# “कार्साङ” निर्देशकको नयाँ फिल्म “मिरमिरे” मा दयाहाङ राई अनुबन्ध




काठमाडौं- ‘कार्साङ’ निर्देशक यम शेर्पा र अभिनेता दयाहाङ राईबीच पुनः सहकार्य हुने भएको छ । निर्देशक शेर्पाको आगामी फिल्म ‘मिरमिरे’ मा उनीहरूबीच दोस्रो पटक सहकार्य हुने भएको हो । निर्माण पक्षले हालसालै फिल्मको प्रमुख भूमिकामा दयाहाङ राईलाई अनुबन्धित गरेको छ ।

फिल्ममा दयाहाङ जोडिएसँगै निर्देशक शेर्पाले भने, ‘स्टोरी पिच गर्दा मन परेपछि हाम्रो सहकार्य सम्भव भएको हो । अर्को सोसल ड्रामा लिएर हामी चाँडै आउँदै छौं ।’

‘मिरमिरे’ मा कलाकारको लाइनअप बलियो हुने उनको भनाइ छ। अन्य कलाकार को-को हुनेछन्, त्यो भने खुलाइएको छैन । फिल्मको निर्देशनसंगै कथा पनि यम शेर्पा स्वयंको रहनेछ । यार्सा फिल्म्सको प्रस्तुति रहने फिल्मले ग्रामीण परिवेशको सामाजिक कथा भन्नेछ ।

नयाँ वर्ष २०८२ को अवसर पारेर थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको घोषणा गरिएको थियो ।

थिम पोस्टरमा एक महिला र एक पुरूष पात्र मिरमिरे बिहानीमा सूर्यको कलिलो किरणको स्पर्शमा उभिएर सूर्यतर्फ फर्किरहेका देखिएको थियो ।

‘मिरमिरे’ को निर्मातामा निमु शेर्पा, छोड्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा छन् भने सह-निर्माता गोविन्द बोहरा र ईश्वर श्रेष्ठ हुन् । फिल्मको कार्यकारी निर्मातामा रोहित कट्टेल छन् ।

फिल्म २०८२ भित्रै प्रदर्शनमा ल्याउने भनिए पनि मिति भने तय भएको छैन । ‘मिरमिरे’ लाई आरआर फिल्मले देशभरका हलमा वितरण गर्नेछ ।

# दिपेश एसकेको लेखन, निर्देशन र अभिनयमा ‘तिम्रा लागि रूने मन’ केही दिनमै सार्वजनिक हुँदै

काठमाडौं- पछिल्लो समयका व्यस्त र चर्चित म्युजिक भिडियो निर्देशक दिपेश एसकेको लेखन, निर्देशन र अभिनयमा तयार पारिएको नयाँ आधुनिक गीत “तिम्रा लागि रुने मन” केही दिनमै दर्शकमाझ सार्वजनिक हुने तयारीमा छ ।

यस गीतमा नेपाली सङ्गीत क्षेत्रमा सशक्त पहिचान बनाएका सुप्रसिद्ध गायक प्रमोद खरेलको सुमधुर स्वर सुन्न सकिन्छ । गीतलाई आधुनिक शैलीमा तयार पारिएको छ, जसले युवा पुस्ताको मन जित्ने अपेक्षा गरिएको छ ।

गीतको शब्द, सङ्गीत उत्तम रावतले सिर्जना गरेका हुन् भने, एरेन्ज, मिक्सिङ झलक संगीतमले गरेका छन् । गीतको सम्पूर्ण ध्वनि सम्पादन आलाप रेकर्डिङ स्टुडियोमा गरिएको हो ।

भिडियोमा मोडल दीपेश एसके, किरण साङबो र सबिना लो तामाङले अभिनय गरेका छन्। भिडियोलाई टेकेन्द्र साहले सम्पादन तथा कलर ग्रेडिङ गरेका छन्, जसले दृश्यलाई अझ आकर्षक बनाएको छ ।

गीतको लेखन, निर्देशन र मुख्य अभिनय निर्देशक दिपेश एसके आफैंले गरेका छन् । यस गीतले प्रेम, विछोड र भावनात्मक अवस्थालाई चित्रण गर्ने प्रयास गरेको छ, जसले धेरै दर्शकको मन छुने विश्वास लिइएको छ ।

छिट्टै सार्वजनिक हुने तयारीमा रहेको “तिम्रा लागि रुने मन” गीतले नेपाली गीत संगीत क्षेत्रमा नयाँ तरङ्ग ल्याउने अपेक्षा गरिएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३९, २०८२ साल जेठ १३ गते मंगलबार (JUN 27, 2025)

# इभीको हिस्सा १० वर्षमा ९५% पुऱ्याउने सरकारको लक्ष्य



काठमाडौं- सरकारले २०३५ सम्म विद्युतीय सवारीसाधनको हिस्सा ९५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ ।

वैशाख ३१ गते बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको राष्ट्रिय निर्धारित योगदान (एनडीसी) ३.० अनुसार सरकारले सन् २०३५ सम्म देशमा इभीको हिस्सा ९५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको हो ।

निजी चारपाङ्गे र दुई पाङ्गे इभीको हिस्सा ९५ प्रतिशत तथा सार्वजनिक यातायातमा कमर्सियल भेहिकलको हिस्सा ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । अहिले सवारीसाधन बजारमा इभीको हिस्सा १२.३८ प्रतिशत छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले जेठ पहिलो साता काठमाडौंमा भएको सगरमाथा संवादमा सरकारको लक्ष्यबारे बताएका थिए ।

इभीको हिस्सा ९५ प्रतिशत पुऱ्याउन ९.२ बिलियन अमेरिकी डलर अर्थात साढे १२ खर्ब रुपैयाँ आवश्यक पर्छ ।

इभीको हिस्सा बढाउने लक्ष्यविपरीत सरकारले हरेक वर्ष कर बढाउँदै आएको छ । चालु आवमा इभीको कर बढाएको सरकार आगामी वर्ष पनि बढाउने तयारीमा छ । यसले नीति र काम गराइमा मिलाम नरहेको देखाउँछ ।

सरकारले काठमाडौं उपत्यकामा सन् २०३० सम्म ५० किलोमिटर र २०३५ सम्म १०० किलोमिटर इलेक्ट्रिक बस, ट्रली बस र लाइट रेल ट्रान्जिट सिस्टम बनाउने लक्ष्य राखेको छ । यसले उपत्यकाको अस्तव्यस्त ट्राफिक व्यवस्थापन हुने र सार्वजनिक यातायात सहज हुने सरकारको विश्वास छ । यसका लागि १२.७५ बिलियन डलर अर्थात १७ खर्ब लगानी गर्नुपर्छ ।

यसैगरी, सन् २०३० सम्म ढुवानी र सार्वजनिक यातायात सुधार गर्न ३०० किलोमिटर इलेक्ट्रिक रेल नेटवर्क विस्तार गर्ने लक्ष्य लिइएको छ । यसका लागि ५.५५ बिलियन डलर अर्थात साढे ७ खर्ब लगानी लाग्नेछ ।

इभीको हिस्सा ९५ प्रतिशत पुऱ्याउन पर्याप्त चार्जिङ स्टेसन र अन्य पूर्वाधार विकास गर्ने भनिएको छ । सरकारले सन् २०३० सम्म विद्युतीय सवारी साधनको मापदण्ड बनाउने, प्राविधिक मानव संसाधन विकास गर्ने र डेडिकेटेड सर्भिस सेन्टर स्थापना गर्ने बताएको छ ।

सन् २०३५ सम्म सवारीसाधनको फिटनेस मापदण्ड र परीक्षण प्रोटोकल लागू गर्ने भनिएको छ । त्यसअघि राष्ट्रिय अनुसन्धान केन्द्र स्थापना गर्ने लक्ष्य छ । सन् २०३० सम्म ब्याट्री रिसाइक्लिङका लागि अभ्यास विकास गरिने एनडीसी ३.० मा उल्लेख छ ।

सन् २०३० सम्ममा काठमाडौं उपत्यका र अन्य महानगरीय शहरहरुमा र सन् २०३५ सम्ममा अन्य सबै शहरी क्षेत्रहरुमा प्रभावकारी सार्वजनिक यातायात प्रणाली स्थापना गरिनेछ ।

# महिन्द्राका दुईटा इभी छिट्टै नेपाल आउने



काठमाडौं- महिन्द्राको बहुप्रतिक्षित इभी गाडी छिट्टै नेपाल आउने भएको छ । महिन्द्राको नेपालका लागि आधिकारिक बिक्रेता अग्नि ग्रुप अन्तर्गतको अग्नि इनर्जीले गाडी भित्र्याउन मूल्य सार्वजनिक गरेको छ ।

कम्पनीले भन्सार प्रयोजनका लागि आइतबार सार्वजनिक गरेको मूल्य अनुसार बीई६ का दुई र एक्स इभी ९ई का ३ भेरिएन्ट नेपाली बजारमा उपलब्ध हुनेछन् । बीई६ का दुई भेरिएन्टको मूल्य क्रमशः ७६ लाख ३० हजार र ८३ लाख ८० हजार रुपैयाँ तोकिएको छ ।

त्यसैगरी एक्स इभी ९ईका तीन भेरिएन्टको मूल्य क्रमशः ७७ लाख ६५ हजार, ८७ लाख १५ हजार र १ करोड ७ लाख रुपैयाँ तोकिएको छ । यो मूल्य बिक्रीमा भने थपघट हुन्छ ।

दुवै गाडीमा ९९ किलोवाटको मोटर छ । एक्स इभी ९ईको एउटा भेरिएन्टमा भने १९९ किलोवाटको मोटर छ । कम्पनीले दुवै एसयूभीमा ५९ किलोवाट र ७९ किलोवाटसम्मका ब्याट्री प्याक उपलब्ध गराएको छ ।

# काठमाडौंमा बुद्धिस्ट इन्टरनेशनल ट्राभल मार्ट




काठमाडौं- संस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले बुद्धिस्ट इन्टरनेशनल ट्राभल मार्ट (बीआइएटीएम) मार्फत लुम्बिनीलाई अन्तर्राष्ट्रिय शान्ती शहरको रुपमा प्रवर्धन गर्ने बताएका छन् ।

नेपाल पर्यटन बोर्डको आयोजनामा आजबाट राजधानीमा सुरु भएको बीआईटीएम २०२५ को उद्घाटन कार्यक्रममा उनले नेपाललाई विश्वभर बौद्ध, आध्यात्म र शान्ति पर्यटनको विश्व केन्द्र बनाउन आवश्यक रहेको बताएका हुन् ।

'बुद्धको जन्मभूमि लुम्बिनीबाट सुरु भएको शान्तिको सन्देश आज पुनः नेपालबाटै विश्वभर फैलाउने समय आएको छ,' मन्त्री पाण्डेले भने,' लुम्बिनीलाई अन्तर्राष्ट्रिय शान्ति सहरका रुपमा विकास गर्न समेत गर्न आवश्यक छ । बुद्धको जन्मस्थल लुम्बिनीलाई अन्तर्राष्ट्रिय शान्ति सहरको रुपमा विकास गर्न सरकार प्रतिबद्ध छ ।'

सरकारले लुम्बिनीमा कपिलवस्तु, रामग्राम, देवदह र तिलौराकोटलगायतका प्रमुख सर्किटमा केन्द्रित हुँदै बौद्ध पर्यटनलाई प्राथमिकता दिँदै आएको उनले जानकारी दिए ।

यस्तै, पाण्डेले बौद्ध पर्यटन प्रवर्धनका लागि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान र सडक संजालको प्रभावकारी पहुँच स्थापित गर्ने काम भइरहेको जानकारी दिए ।

'युनेस्कोका प्रतिनिधिसँगको पछिल्लो संवादलाई उल्लेख गर्दै लुम्बिनीलाई जोखिमयुक्त सूचीमा नराख्न आग्रह गरेका छौं,'उनले भने,'साथै तिलौराकोटलाई युनेस्कोको सम्भावित सूचीमा समावेश गराउन सरकारले पहल गरिरहेको छ ।'

कार्यक्रममा कोशी प्रदेशका उद्योग, पर्यटन तथा वातावरण मन्त्री षडानन्द मण्डलले सरकारले पर्यटकीय पूर्वाधार विकासमा उच्च प्राथमिकता दिएको बताए ।

यस्तै, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपाल एक यात्रा गन्तव्य मात्र नभइ अनुभूतिको केन्द्रविन्दु रहेको बताए । जोशीले नेपाललाई आध्यात्मिक र शान्तीको आधारशीला भएको मुलुकमा यस्तो अन्तर्राष्ट्रिय कार्यक्रम साझा प्रतिबद्धता र सार्थक सहकार्यको प्रमाण भएको बताए ।

'नेपाल यात्रा गन्तव्यमा पुग्ने भौगोलिक पथ मात्रै होइन, यो आत्मा र शान्तिको यात्राको प्रारम्भ हो । यहाँको बौद्ध सम्पदा, ध्यान केन्द्र, सांस्कृतिक विविधता र आत्मिक ऊर्जा विदेशी पाहुनाका लागि सधैं सन्देशवाहक बन्न सक्छन्,' जोशीले भने,' बीआईटीएमजस्ता प्लेटफर्महरूलाई अन्तर्राष्ट्रिय साझेदारी, दिगो पर्यटन, र आध्यात्मिक पुनःजागरणको यात्रा आरम्भ गर्ने अवसरका रुपमा चित्रण गरेका छन् ।'

कार्यक्रममा नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाटा)का अध्यक्ष कुमारमणि थपलियाले शान्ति र अध्यात्मिक पर्यटनमा बुद्धिस्ट इन्टरनेशनल ट्राभल मार्ट उपयोगी बन्ने बताए । काठमाडौं र लुम्बिनीमा आयोजना हुने यो कार्यक्रमले कोसेढुंगा साबित गर्ने बताउँदै उनले भने,'यो पटक विभिन्न मुलुकका ६० अन्तर्राष्ट्रिय विशिष्ठ व्यक्तित्वको सहभागिता रहनेछ । हामीले अन्तर्राष्ट्रिय स्तरमा बुद्धिस्ट सर्किटको प्रवर्धनलाई जोड दिएका छौं ।'

सो कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले यस किसिमका अन्तर्राष्ट्रिय मार्टले नेपालको पर्यटन प्रवर्धनमा टेवा पुग्ने मत राखे । कार्यक्रममा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. लार्केल लामाले नेपाल शान्तिको भूमि भएको विषय संसारलाई बुझाउन लागिरहेको बताएका थिए ।

कार्यक्रममा बीआईटीएम विशेष स्मारिका विमोचन पनि गरिएको छ । तीन दिनसम्म चल्ने यस मार्टमा भारत, चीन, बंगलादेश, श्रीलंका, थाइल्याण्ड, म्यानमार, भुटानलगायतका मुलुकबाट सयभन्दा बढी पर्यटन व्यवसायीहरुको सहभागिता रहने जनाइएको छ ।

# एमएडब्लू वृद्धि स्पीड चार्जर्सले जोमसोममा स्थापना गऱ्यो चार्जिङ स्टेसन

काठमाडौं- नेपाल - बैसाख १४, २०८२ - एमएडब्लू वृद्धि स्पीड चार्जर्सले नेपालको इतिहासमा नयाँ कीर्तिमान बनाएको छ ।

कम्पनीले जोमसोममा ऋऋक्द इलेक्ट्रिक गाडी (ईभी) चार्जिङ स्टेसन औपचारिक रूपमा उद्घाटन गरेको छ, जुन अब उच्च भूभागमा रहेका चार्जिङ स्टेसनहरूमा समावेश भएको छ ।

यो उपलब्धिले दुर्गम र कठिन भौगोलिक स्थानहरूमा पनि ईभी पूर्वाधार विकासमा कम्पनीको महत्वपूर्ण भूमिका पुष्टि गरेको छ । जोमसोममा स्थापना गरिएको चार्जिङ स्टेसन केवल इन्जिनियरिङ उपलब्धि मात्र नभई, नेपालमा विद्युतीय सवारी साधन (ईभी) विकासको सुरुवाती कदम पनि हो । अब, यस्तो उच्च स्थानसम्म ऋऋक्२ चार्जिङ सुविधा पुगेकाले ईभी प्रयोगकर्ताहरूले सुरक्षित रूपमा यात्रा गर्न र ग्रिनर नेपाल निर्माणमा योगदान दिन सक्नेछन् ।

एमएडब्लू वृद्धिले हाल नेपालभर ११६ स्थानमा रणनीतिक रूपमा राखिएका ऋऋक्२ चार्जिङ स्टेसनहरू सञ्चालनमा ल्याएको छ, जसले सहरभित्र मात्र होइन, जोमसोमजस्ता टाढाका ठाउँहरूमा पनि ईभी प्रयोगकर्ताहरूका लागि भरपर्दो सेवा सुनिश्चित गर्नेछ ।

यस पहलले ईभी पूर्वाधार सुदृढ गर्नुका साथै जोमसोमजस्तो लोकप्रिय पर्यटकीय गन्तव्यमा दिगो पर्यटनलाई पनि प्रवर्द्धन गर्छ । जोमसोम नेपालको धेरै यात्रा गरिने ठाउँहरू मध्ये एक हो, जहाँ स्वदेशी र विदेशी पर्यटकहरूको भीड लाग्ने गर्दछ । पर्यावरणप्रेमी यात्रुहरूका लागि वातावरणमैत्री यात्रालाई सहज बनाउने दिशामा यो चार्जिङ स्टेशनको स्थापना एक ठूलो कदम हो ।




समग्रमा, इनोभेसन र डिटरमिनेसको उत्कृष्ट समिश्रण देखिने यो उपलब्धिले ईभी प्रयोगकर्ता, वातावरणप्रेमी र सरकारी नीति निर्माताहरूबीच ठूलो विश्वास बढाउनेछ ।

साथै, एमएडब्लू वृद्धि स्पीड चार्जर्सको जहाँसुकै, जोकोहीका लागि सफा यातायात सम्भव गराउने सपनालाई अझ सहज बनाउने छ ।

# जसपा नेपालका सांसद सरोज सिंहको घरमा अख्तियारको छापा



जनकपुरधाम- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेश प्रदेश सांसद सरोजसिंह कुशवाहाको घरमा छापा मारेको छ ।

महोत्तरी क्षेत्र नम्बर-४ (ख) बाट निर्वाचित सांसद कुशवाहाको घरमा छापामारी गर्ने क्रममा उनका स्वकीय सचिव विनोदकुमारलाल कायस्थलाई पनि अख्तियारले नियन्त्रणमा लिएको छ ।

उनको घरबाट विभिन्न योजनाका कागजातहरू समेत नियन्त्रणमा लिएको अख्तियार स्रोतले जनाएको छ ।

उनका स्वकीय सचिव पक्राउ परे पनि प्रदेश सांसद कुशवाहा भने सम्पर्कविहीन रहेको अख्तियार स्रोतको भनाइ छ ।

मधेश प्रदेश सरकारबाट प्रदेश सांसद कुशवाहाको भागमा परेको योजनाहरू बिक्री गरेको भने गोप्य सूचनाको आधारमा अख्तियारबाट खटेका टोलीले घरमा छापामारेको जनाएको छ ।

कुशवाहा महोत्तरी क्षेत्र नम्बर ४ (ख) बाट दोस्रो पटक निर्वाचित सांसद हुन् । उनी मधेश प्रदेश सरकारका पूर्वआन्तरिक मामिला तथा कानुन राज्यमन्त्री समेत हुन् ।

## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

### नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गरऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार